

## सम्पादकीय



# मधेशका अधिकारकर्मी एकजुट होऊ

विगत तीन/चार दिनको राजनीतिक तरङ्गका कारण मुलुक झन् कठिन मोडमा उभिएको छ। विगतदेखि वर्तमानसम्म राज्यसत्तामा कब्जा जमाएर बसेका तीन ठूला दलहरू पुनः सत्ताकै खेलमा लागेका छन्। एकले अर्कालाई सत्ताबाट पदच्यूत गर्ने खेलमा कांग्रेस, एमाले र माओवादीका नेताहरू लागेका छन्। यसले गर्दा अधिकारको लडाइ लडिरहेका मधेशकेन्द्रित दलहरू पुनः दिग्भ्रमित हुने निश्चित देखिएको छ। अहिले कम्युनिष्ट पार्टीहरूबीच भएको सहमतिले विभिन्न किसिमका शंकाउपशंका गर्न थालिएको छ। मधेशका राजनीतिक विश्लेषकहरूले यो बाम गठबन्धन मधेशलाई अधिकार दिलाउन नसक्ने र मधेशमाथि भइरहेको दमन झन् बढ्दै जाने विश्लेषण गर्न थालेका छन्। मधेशका अधिकारकर्मीहरू बेलाबखतमा मधेशकेन्द्रित राजनीतिक दलहरूलाई सचेत गराउँदै आएका थिए। तर, अहिलेको विषम् परिस्थितिमा मधेशी अधिकारकर्मीहरूको कुनै प्रतिक्रिया आउन सकेको छैन। मधेशी अधिकारकर्मीहरूले मधेशका राजनीतिज्ञहरूलाई मधेशको हकहितका लागि काम गर्न दबाब दिनसक्नुपर्छ। विगतमा पनि अधिकारकर्मीहरूले मधेशी दलहरूबीच एकताका लागि भूमिका खेलेकै हो तर, अहिले मुलुकमा विभिन्न मोर्चाबन्दी भइरहदा मधेशकेन्द्रित शक्तिहरू एक हुनुपर्ने आवश्यक छ। अहिले नेपाली कांग्रेसको नेतृत्वमा मधेशकेन्द्रित दलहरू मोर्चाका लागि प्रयासरत् छन्। तर, कांग्रेससँग चुनावी मोर्चा वा गठबन्धन निर्माण गर्नुभन्दा पनि मधेशकेन्द्रित शक्तिहरूबीच एकता वा सहकार्य हुन जरूरी छ। भर्खरै सम्पन्न प्रदेश नं. २ को निर्वाचनमा मधेशकेन्द्रित शक्तिहरू मिलेर गएको भएको भए पहिलो पार्टी हुने निश्चित थियो। यसभन्दा पनि कम्तीमा एक सयभन्दा बढी सीट जित्नसक्ने सम्भावना थियो। तर, त्यसो नगर्दा पनि अहिले राजपा नेपाल, फोरम नेपाल र लोकतान्त्रिक फोरमको संख्या ५४ हो, जहाँ कांग्रेसले जम्मा ४०, एमालेले १८ र माओवादीले २१ ठाउँमा जितेका छन्। मधेशी मतदाताले दिएको मतादेशलाई सम्मान गर्दै मधेशकेन्द्रित दलहरूबीच सहकार्य वा एकताको आवश्यकता छ। मधेशकेन्द्रित राजनीतिक दलहरूबीच एकता वा सहकार्यका लागि पहलको थालनी मधेशका अधिकारकर्मीहरूले गर्नुपर्छ। मधेशको हितैषी आजसम्म ठूला दलहरू कहिल्यै न थिए र न रहनेछन्। २०६४ साल यताको राजनीतिक अभ्यासलाई नियाल्ने हो भने १० वर्षमा १० वटा प्रधानमन्त्री यो मुलुकले पाइसकेको छ तर, कुनै पनि सरकारले मधेशको समस्यालाई स्थायीरूपमा समाधान गर्न चाहेनन्। त्यसैले, अहिले निर्णायक घडी हो, यस निर्णायक घडीलाई सदुपयोग गर्न मधेशकेन्द्रित दलहरू एक ठाउँमा आउनु आजको अपरिहार्यता हो। जसका लागि मधेशी अधिकारकर्मीहरूले राजनीतिक दलहरूलाई सशक्त दबाब दिनुपर्छ। होइन भने, मधेशको मुक्तिको नारा जपेर केही हुनेवाला छैन। तसर्थ, मधेशका अधिकारकर्मीहरू एकजुट भएर राजनीतिक दलहरूमाथि दबाब सिर्जना गर्नुपर्छ।

> मधेशकेन्द्रित राजनीतिक दलहरूबीच एकता वा सहकार्यका लागि पहलको थालनी मधेशका अधिकारकर्मीहरूले गर्नुपर्छ। मधेशको हितैषी आजसम्म ठूला दलहरू कहिल्यै न थिए र न रहनेछन्।

## साताको सात बात



देशमा सुशासन, कानुनी राज्य तथा शान्ति स्थापनाका लागि एमाले पार्टीले अग्रसरता लिएको छ। देशलाई आर्थिक समृद्धिको दिशामा लैजान एमालेले सरकारको नेतृत्व गर्नुपर्दछ। अबको चुनावमा मधेशी दल लगायत अन्य शक्तिहरूले सूर्य चुनाव चिन्ह लिएर जाने तय भएको छ। **– केपी शर्मा ओली, अध्यक्ष, नेकपा एमाले**



नेपालका दलहरूमध्ये साना भनिएका दल ठूला र ठूला भनिएका दल अब साना हुन्छन्। कम्युष्टिको हिसाबले एमाले, माओवादी र नयाँ शक्तिको अस्तित्व सकिएको छ। अब एउटा कम्युनिष्ट आन्दोलनका लागि मिहिनेत गर्नुपर्छ। त्यो मिहिनेत हामी गर्छौं। साना दलहरू पनि अब एकीकरणको दिशातर्फ जानुपर्छ। **– मोहन वैद्य (अध्यक्ष, नेकपा क्रान्तिकारी माओवादी)**



अहिले चुनावी तालेमल र त्यसपछि पार्टी ध्रुवीकरणको नयाँ वैकल्पिक शक्ति निर्माणमा इमानदारितापूर्वक नै लाग्छौं। सूर्य चिन्ह धेरै भिजेको र आम जनताले ग्रहण गरेकाले त्यसलाई साझा चिन्ह बनाएर जानु भोलिको साझा पार्टीको निम्ति पनि उपयुक्त हुन्छ। **– डा. बाबुराम भट्टराई (संयोजक, नयाँ शक्ति पार्टी नेपाल)**



हामीलाई गाली गर्ने राजपाका नेताहरू तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा पछिपछि साइकल चढेर आए। यसको मतलब फोरम नेपालले लिएको लाइन देशको हितमा थियो भन्ने नै हो। एमालेले संविधान संशोधनमा सघाएको भए वा मधेशको मुद्दाको पक्षमा उभिएको भए कांग्रेस भन्दा अगाडि बढ्न सक्ने सम्भावना थियो। **– उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल)**



कांग्रेसको इतिहास छ। विचार, इमान्दार र निष्ठावान् कार्यकर्ता भएकोले पनि कांग्रेसलाई कसैले पछि पार्न सक्दैन। वामपन्थीहरूको एकीकरणले कांग्रेसलाई कहिल्यै घाटा हुँदैन लोकतान्त्रिक शक्तिःलाई साथमा लिएर कांग्रेस अगाडि बढ्छ। **– डा. शेखर कोइराला (महामन्त्री, नेपाली कांग्रेस)**



केपी ओलीको पहलमा जुन एकीकरण भएको छ यो अस्वभाविक छ। यसले राष्ट्रका सामु विद्यमान जति पनि महत्वपूर्ण मुद्दाहरू छन् त्यसलाई सम्बोधन गर्न सक्दैन। फेल भैसकेको आइडियोलोजी साम्यवाद स्थापना गर्ने मान्यताका साथ एमालेको पहलमा यो आएको छ। यसले देशलाई सहयोग गर्दैन। **– डा. प्रकाशशरण महत (नेता, नेपाली कांग्रेस)**



एकीकरणका लागि राष्ट्रिय जनता पार्टीको द्वार सधैं खुला रहनेछ। आगामी दिनहरूमा पनि जनताको आदेशलाई मानेर आन्दोलनमा सँगै जाने दलहरू, मधेशका लागि परिवर्तन चाहने दलहरूसँग एकीकरण गरेर अगाडी जानेछौं। **– मनिष सुमन (महासचिव, राजपा नेपाल)**

*प्रस्तुती : संगीता रेग्मी*

# गणतन्त्रमा न्यायको चक्रव्यूह



**जयप्रकाश गुप्ता**

> यौटा आश थियो कुनै दिन जनताका बीच जान पाइएला। जनताको अदालतबाट न्याय पाइएला। तर, अब त्यसो नहुने भो। हालै संसदबाट पारित कानून अनुसार म सदाका लागि कुनै पनि तहको निर्वाचन लडन अयोग्य भएको छु। राजनीतिक दल खोल्ने र दलको सदस्य हुने योग्यता पनि रहेन। राजनीति मेरो पेशा थिएन, तथापि म अब निर्वाचित निकायका मार्फत सेवा पनि गर्न नसक्ने भएको छु।

साल त बि.स. २०५९ हो। गते याद भएन, शुक्रबारको दिन थियो। हरेक बिहीबारको दिन अपरान्ह प्रधानमन्त्री र राजाका बीच भेट हुने नियमितता थियो। यसको भोली पल्टको कुरा हो। प्रधानमन्त्री शेर बहादुर देउवाको बोलाहटमा हामी केही मंत्रीहरू बालुवाटार पुगेका थियौ। खुम बहादुर खडका, चिरंजीवि वाग्ले, बिजय गच्छदार, बल बहादुर केसी र म। पूर्ण बहादुर खडका पनि आई पुग्नु भएको थियो।

हातको औंलामा लाउनु भएको औंठी घुमाउदै देउवा जीले अघिल्लो साँझ राजासंग भएको कुराकानी सुनाउनु भयो। भ्रष्टाचार बढेर संसदीय व्यवस्था नै कमजोर भएकोमा राजा ज्ञानेन्द्र बडो चिन्तित छन् रे! अख्तियार कारवाही गर्न उद्यत भएको छ रे! तपाई ४२५ जना मंत्रीहरूले राजिनामा गरिदिनु पर्यो भन्ने राजाको सुझाव छ रे! राजाले भनेको रे "पिएम, आईदर दे रिजाईन और दे सूड प्रिपेयर टू फेस प्रिजन!" देउवा जी मार्फत सुनेको राजाज्ञाबाट म स्तब्ध भएको थिए।

हामी सबै स्तब्ध भयौं। केही साता देखि हामी राजा र देउवाका हिमचीम बिचारी रहेका थियौ। नेपाली काँग्रेसको बिभाजनमा सहभागी भएर हामीबाट ठूलो गलती भएको आभाष हामीलाई भैरहेको थियो। राजा(देउवाका बीच बन्न लागेको यस गठबन्धनलाई मलजल पुर्याउनु हुन्न् भनेर हामी मध्येका केही मंत्री मित्रहरूले राजिनामा दिन मानेन्। चिरंजीविले त देउवालाई षडयन्त्रकारी भन्दै संसदीय व्यवस्थानै खतम बनाउने राजाको पियादा भएको आरोप लगाए।

दिन नबित्दै चिरंजीवि वाग्लेलाई अख्तियारको पत्र आयो। यसको संकेतका साथ दरबारीया पत्रिकाहरूले पहिले नै समाचार दिएको थियो। महिनाहरू नबित्दै राजाले देउवालाई असक्षम भनी पदच्यूत गरे। हामी सबै अख्तियारको फन्दामा पर्यौं। बाग्ले जी पछि म, र खुम बहादुर जी शाही फन्दामा पारियौं। केही साथीहरू यस चक्रब्यूहबाट निस्के, राजासंग कुरा मिलाए। बिजय गच्छदार, अर्जुन नरसिंह केसीहरू अहिले पनि सम्मानित जीवन यापन गर्दैछन्। यो बुद्धिमानी ठिक थियो। मैले त्यस अवसरको उपयोग गर्न जानिन्। एक न एक दिन शाही सत्ताको अन्त्यसंगै मेरो यस कालरात्रीको पनि अन्त्य हुन्छ भन्ठानेको थिए। तर तेसो भएन, शाही सत्ताको समाप्ति पछि स्वयं सर्वाधिकारपति गिरिजा बाबूले पनि हामी उपर भएको शाही उपक्रमलाई बिशुद्ध भ्रष्टाचारको निराकरणकै रूपमा लिनु भयो। जल प्रपातमा बग्दाको झैं गिरिजा बाबू तिर हात हल्लाई हल्लाई उद्धारका लागि चिच्याई रहे, क्रमशस् क्षीण हुदै गएको मेरो र मै जस्ताको आवाज उहाँबाट श्रवण भएन।

टेक्ने समाउने कतै ठाँउ नभएको म नराम्रो गरी फसें। मुद्दा झेले। "अन्त भला तो सब भला" भने झैं अपमान र अवसादका केही बर्षपछि बिशेष अदालतले मलाई सफाई दियो। हिसाब गरेर मेरो सम्पति आय भन्दा बढी न रहेको भन्यो। राजनीतिका लागि मन मरि नै सकेको थियो। तरपनि लाग्यो..अब कमसे कम ईज्जतका साथ बाँच्न त पाइएँला।

मुलुककै इतिहासमा पहिलो पटक संविधान सभाको निर्वाचन हुने भयो। अनिच्छा पूर्वक उम्मेदवारी दिए। म फेरी चुनाव जिते। सप्तरी जिल्लाबाट २०५१ र २०५६ पछि लगातार तेस्रो पटक बिजयी भएको थिए। जनताले न्याय गर्नु भएको थियो। मैले त राजनीति गर्नेको लागि अदालत वा न्यायालय भन्दापनि जनताको मतदानलाई नै न्याय ठानेको थिए।

मैले न गर्नु पर्ने काम गर्न पुगे। पुष्प कमल दहाल प्रचण्डको पहिलो गणतान्त्रिक सरकारमा मंत्री भए। यो अर्को ठूलो गलती मैले गरें। यसपछि मैले नाई भन्दाभन्दै प्रम प्रचण्ड जी ले संवैधानिक परिषदको सदस्य तोकिदिनु भयो। यो परिषदले संवैधानिक पदहरूमा नियुक्तिको सिफारिश गर्दछ। पहिलो बैठकमै सर्वोच्च अदालतको प्रधान न्यायाधिशको नियुक्तिको सवाल आयो। प्रम प्रचण्डले मलाई खिलराज रेग्मीको नाम सिफारिश गर्न भन्नु भयो। न्यायाधिशहरूको वरियता क्रममा खिलराज तेस्रो हुनुहुन्थ्यो। पहिलोमा मीन बहादुर रायमाझि र दोस्रोमा अनुप राज शर्मा हुनुहुन्थ्यो। रामचन्द्र पौडेल संसदमा बिपक्षी दलको नेता भएकोले संवैधानिक परिषदको सदस्य हुनुहुन्थ्योस उहाँ अनुप राज शर्माको पक्षमा रहनु भएको थियो। प्रचण्ड जीले मलाई खिलराज रेग्मीसंग भेट गराउनु भयो र उहाँ पछिसम्म सहयोग गर्नु हुने भएकोले प्रधान न्यायाधिशमा सिफारिश निम्ति सहयोग माग्नु भयो। म ठूलो दबाबमा परे। पहिलो दिनको बैठकमा म जानाजान अनुपस्थित भए, फलतस् सो बैठकबाट निर्णय हुन सकेन। प्रचण्ड जीले चित्त दुस्खाउनु भयो। मैले उहाँलाई संझाउने प्रयत्न गरे। अन्ततस् मेरा हठका कारण पहिलो वरियतामा रहनु भएको मीन बहादुर रायमाझिको नाम नै सिफारिश भयो। रामचन्द्र पौडेल जी त अनुप राज शर्मालाई सिफारिश गरी बीचको बाटो रोजौं भन्नु भयो। तर, परम्परा मिचिए पछि अनुप राज किन ? खिलराज किन नाई ? यसको हेक्का पछि मात्र उहाँलाई भयो। मीन बहादुर जी कै नाम सिफारिश भयो। त्यस बखत सर्वोच्चका केही न्यायाधिशहरूले मलाई बडो प्रशंसाका साथ धन्यवाद दिनु भएको थियो, मीन बहादुर जीको भावुक धन्यवाद म आज पनि संझि रहेको छु। अनुप राज जी रिसाउनु भएन, तर खिलराज जी रिसाएको कुरा सुन्न थालियो।

मीन बहादुर जी, अनुप राज रेग्मी र तत्पश्चात उनै खिलराज रेग्मी प्रधान न्यायाधिश हुनु भयो। रेग्मीको नजरमा मैले यस अघि प्रधान न्यायाधिश बन्नमा सहयोग नगरेको कुरा मेट्न सकेन। बास्तवमा उहाँले चाहेको बेला प्रधान न्यायाधिश बन्नु भएको भए रेग्मी नेपाल कै इतिहासमा सब भन्दा लामो समयसम्म सो पदमा रहने व्यक्ति दरिनु हुन्थ्यो। यसबाट उत्पन्न दुस्खलाई उहाँले बिर्सनु भएन।

मधेसी मोर्चा र माओवादीको सरकार गठन भयो। बिशेष उद्देश्यका खातिर यो सरकार बनेको थियो। म पनि मंत्री भए। मेरो दुर्भाग्य, म फेरी संवैधानिक परिषदको सदस्यमा मनोनित भए। प्रम डा. बाबुराम भट्टराई ले मलाई मनोनित गर्नु भएको थियो। प्रधान न्यायाधिश खिलराज रेग्मी पनि सदस्य हुनु हुन्थ्यो। मेरो मुद्दा पुनरावेदनको क्रममा सर्वोच्च अदालतमा विचाराधिन थियो। न्यायाधिश तप बहादुर मगरको इजलासमा हेर्दाहेर्दैको स्तरमा थियो मेरो मुद्दा। मेरो समेतको उपस्थितिमा संवैधानिक परिषदको दुई वटा बैठक भैसकेको थियो। कुनै अन्यथा प्रश्न उठेको थिएन। मलाई सबै कुरा सहज लागेको थियो। तर, मेरो निम्ति सहज रहेन। बिना मौसमको बाँसुरी बजेको झै अंग्रेजी समाचार दैनिक "दी हिमालयन टाईम्स" को मुख्य पृष्ठमा यौटा समाचार छापियो। समाचारको सार थियोस "जेपी गुप्ताको भ्रष्टाचार सम्बन्धि मुद्दा सर्वोच्च अदालतमा विचाराधिन छ र यिनै जेपी गुप्तासंग सर्वोच्च अदालतका प्रधान न्यायाधिश संवैधानिक परिषदमा बस्नु परेको छ। यस बारे प्रधान न्यायाधिश प्रधान मंत्रीसंग आफ्नो असंतुष्टी जनाउनु भएको छ।" मैले यस समाचारका वारेमा "दी हिमालयन टाईम्स" मा बुझे, प्रधान न्यायाधिशका प्रेस सल्लाहकार थिए एक जना विमल नामका, उहाँले नै सो समाचार दिएको र छापिदिन अनुरोध गरेकोले छापिएको बताए।

म फेरी जालझेलमा पर्न लागेको थिए। मेरो मुद्दा अदालतमा विचाराधिन रहेकै बेला यस अघि म संवैधानिक परिषदको सदस्य थिए। केदार गिरी प्रधान न्यायाधिश हुनुहुन्थ्यो। त्यस बखत यस्तो सवाल उठेको थिएन। उ बेला न्यायाधिश खिलराज जी ले पनि असहज मान्नु भएको थिएन। उहाँले त मलाई भेटेरै आफ्नो नामको सिफारिशका लागि अनुनय विनय गर्नु भएको थियो। यति बेला उहाँकै शहबाट यो प्रश्न उठेकोमा मलाई कुनै द्विविधा थिएन।

मैले आसन्न संकटबाट डर माने। यस बिषयमा कुनै झंझट लिन चाहिन। प्रधान न्यायाधिशको अनिच्छा हुदाँहुदै म त्यस परिषदमा बसिरहन उचित देखिन। प्रधान मंत्री बाबुराम भट्टराईलाई भेटेर प्रधान न्यायाधिश जी को ईच्छा जान्न अनुरोध गरे र भने यदि रेग्मी जी चाहनु हुन्छ भने म राजिनामा दिन्छु, कृपया सोधी दिनोस्। दुई दिनपछि प्रम जी लाई भेटे, उहाँले रेग्मी जी को आशय भन्नु भयो। मैले संवैधानिक परिषदबाट राजिनामा दिए।

तप बहादुर मगर स्वच्छ छविको तथा कसै प्रति पूर्वाग्रह नराख्ने न्यायाधिश भनी चिनिनु हुन्थ्यो। उहाँ कै बेंचमा मेरो मुद्दा चल्दै थियो। हुनुपर्ने सबै कुरो भैसकेको थियो। वादी प्रतिवादीको बहस जिकीर, प्रमाण बुझ्ने सबै भैसकेको थियो। निसु भन्छन् नि, निर्णय सुनाउने त्यति मात्र बाँकी थियो। न्यायाधिश तप बहादुर जी को अवकाश हुन धेरै बाँकी थिएन। निर्णय सुनाउने भनी तोकिएको पेशी सोही दिनको दैनिक कज लिष्टबाट हटन थाल्यो। लगातार तीन पटक निर्णय सुनाउने पेशी स्थगित गरियो। प्रधान न्यायाधिश खिलराज रेग्मीले तप बहादुर मगरबाट फैसला सुनाउन दिनु भएन। निरीह स्वरमा फाँटबाला उप रजिष्ट्रारले मलाई भने। अन्ततस् न्यायाधिश तप बहादुर मगरले फैसला सुनाउन नपाइकनै पदावधि समाप्त भै अवकाश पाउनु भयो। म पुरै न्यायिक चक्रब्यूहमा परिसकेको थिए।

खिलराज रेग्मी जी ले मेरो मुद्दा न्यायाधिश सुशीला कार्कीको डिविजन बेंचमा तोक्नु भयो। सम्पूर्ण कारवाही सकिएको र निसुको तहमा रहेको मुद्दालाई अब नयाँ न्यायाधिशले कसरी अगाडी बढाउनु हुन्छ ? यस प्रश्नमा दुबै पक्षका बीच छलफल हुन नपाउँदै न्या. सुशीला जी ले शुरू देखि नै पुनस् मुद्दा हेर्ने आदेश दिनु भयो। बास्तवमा मेरा मुद्दा सुशीला जी ले हेर्नु उचित थिएन। मेरो र न्यायाधिश हुनु पहिले सुशीला जी को राजनीतिक आस्थाको आधारमा, समान राजनीतिक दलमा संलग्नताको आधारमा र उहाँ की पति दुर्गा सुबेदीसंगको मेरो राजनीतिक बैरभावका कारणले मैले तेसो भनेको थिए। सुशीला जी न्यायाधिश हुनुभन्दा केही पहिले कांतिपुर दैनिकमा एक लेख प्रकाशित गराउनु भएको थियो। भ्रष्टाचारका मुद्दा लगाईएकाहरूको बडो गैर न्यायिक आलोचना गरिएको थियो, यहाँसम्म कि यस्ता मानिसहरूको पक्षमा कुनै वकिलले बहस पैरवी समेत गर्न नहुने र छोटो प्रकृयाबाट फैसला गरी जेल पठाउनु पर्ने लेख्नु भयो। यस्तो गैर न्यायिक चरित्रको अभिव्यक्ति दिने व्यक्ति स्वयं न्यायाधिश भएर सोही मुद्दा हेर्नु पर्दा 'प्रिजीड्यूस' हुन्छ। यसर्थ, सुशीला जी ले यो मुद्दा हेर्नु हुन्न भन्ने मेरो अनुरोध सहितको जिकीर थियो।

मुद्दा किन न हेर्नु ? उहाँले भन्नु भयोस म "प्रतिवादीसंग उहाँको हाडनाता छैन। फेरी जय प्रकाश ले भनेर के नै हुन्छ र ? यो मुद्दाको फैसला मैले नै गर्नु पर्ने हुन्छ।" म संग कुनै उपाय थिएन। शिर निहुँराएर मैलै उहाँलाई न्यायकर्ता स्वीकार गरे। नागरिक दैनिक पत्रिकाको बार्षिकोत्सव थियो। सोल्टी होटेलको बडो ठूलो कार्यक्रममा संचार मंत्री भएकोले पनि होला, म पनि आमन्त्रित थिए। मेरो मुद्दामा शुरू देखिनै जोडिनु भएका बरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले कयौं मानिसका सम्मुख मलाई भन्नु भयोस "सुशीला जी ले किमार्थ पनि तपाईलाई न्याय गर्नु हुन्न्। तपाईलाई हराउनका निम्ति नै यो मुद्दा सुशीला जी लाई जिम्मा दिईएको हो।" तर, सुशीलाको घोर पूर्वाग्रहको घेराबाट मेरो मुद्दालाई बहिर्याउने कुनै उपाय म संग थिएन। जे आशंका थियो, सोही भयो। मैले बिशेष अदालतबाट सफाई पाएको मुद्दालाई उहाँले उल्ट्याई दिनु भयो। कुनै पनि बहालबाला मंत्रीलाई जेल पुर्याउने श्रेय उहाँले लिनु भयो। त्यस दिन विवेक की देवी भनी अपेक्षित सुशीला जी प्रतिशोध की चण्डी बन्नु भयो।

भ्रष्टाचारको मुद्दामा चौध महिना जेल बसे। मेरो अमिल्दो र विलासी जीवन शैली छ, आय भन्दा बढी अकूत सम्पति छ भनी ६८ लाख रूपियाको बिगो कायम गरिएको थियो। अदालतले खडा गरेको सम्पति मूल्यांकनको मापदण्ड अनुसार मेरो जायजेथा मध्ये ६८ लाख रू. को स्रोत मैले देखाउन सकिन। यहि रकम अकूत सम्पति भनिएको हो। बि.स. २०५९ पछि अख्तियारले म उपर १३ वटा मुद्दामा छानबिन गरेको थियो। कुनैमा मुद्दा चलेन। अनि कांतिपुर टिभीलाई इजाजत दिएको बिषयमा मुद्दा चलाए। यसमा सफाई पाउने देखिए पछि अन्तिममा अकूत सम्पतिको मुद्दा चलाइयो। सम्पतिको स्रोत देखाउने मुद्दा अख्तियार र अदालतको ब्रम्हास्त्र हो। अदालतले चाह्यो भने कोही पनि यसबाट जोगिन सक्दैन।

यस मुद्दामा सजाय पाएपछि दुष्प्रभावमा त छदै थिए। तर, यौटा आश थियो कुनै दिन जनताका बीच जान पाइएला। जनताको अदालतबाट न्याय पाइएला। तर, अब त्यसो नहुने भो। हालै संसदबाट पारित कानून अनुसार म सदाका लागि कुनै पनि तहको निर्वाचन लडन अयोग्य भएको छु। राजनीतिक दल खोल्ने र दलको सदस्य हुने योग्यता पनि रहेन। राजनीति मेरो पेशा थिएन, तथापि म अब निर्वाचित निकायका मार्फत सेवा पनि गर्न नसक्ने भएको छु। यसबाट म मौन र निःशब्द भएको छु।

*(फेसबुकबाट साभार)*

# हामी एमालेमा प्रवेश गरेका छैनौं



पशुपतिदयाल मिश्र
सदस्य, स्वतन्त्र राजनीतिक समूह

राजपाले हामीहरूलाई उपेक्षित गरेकै हो । यो उपेक्षाविरूद्ध हामीले केन्द्रीय कार्यसमितिमा पनि आवाज उठाएका थियौं । नेतृत्वलाई पनि हामीले सचेत गराएका थियौं । तर, उहाँहरू ध्यान दिनुभएन । पश्चिमको सवालमा नेतृत्वहरू कहिल्यै पनि गम्भीर बनेनन् । त्यसकारण हामीले कुनै न कुनै बाटो लिनै पर्ने थियो ।

**० तपाईंहरूले राजपा छोड्नुभएको हो ?**

– हो । हामीले राजपा परित्याग गरेका हौं । नेकपा एमालेसँग सहकार्य गरेर चुनावमा सहभागिता जनाउने हामीबीच सहमति भएको छ । तर, हामीले नेकपा एमालेमा प्रवेश गरेको होइन ।

**० नेकपा एमाले नै रोजाइमा किन परेको होला ?**

– नेपाली कांग्रेस र माओवादीसँग हामीले विगतदेखि नै सहकार्य गर्दै आएका थियौं । तर, नेपाली कांग्रेस र माओवादीले मधेशका समस्या समाधान चिन्तित बनेनन् । मधेशको सवालमा सकारात्मक परिणाम आउने देखिएन । संविधान संशोधनसमेत फेल भएको अवस्था छ । नेकपा एमालेसमेतको सहभागिताबिना संविधान संशोधन विधेयक पास हुन सक्ने अवस्था छैन । अर्को निर्वाचन क्षेत्र निर्धारण आयोगले कोरेको रेखाप्रति हाम्रो असन्तुष्टि छ । हाम्रै समर्थनको सरकारले बनाएको आयोगले निर्वाचन क्षेत्र बाँडफाँडमा न्याय गरेको देखिएन । मधेशवादी दलको उपस्थिति नै नहुने गरी पाँच नम्बर प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । पाँच नम्बर प्रदेशमा हाम्रो क्लस्टर नै सुरक्षित छैन । अर्को, राजनीतिक अवस्था पनि अर्को मोड लिएको देखियो । त्यसकारणले हामीले नेकपा एमालेसँगको पटक पटकको छलफलपछि सम्झौता गरेका हौं । निषेधको राजनीतिले मात्रै हुँदैन । सबै मिलेर अघि बढ्नुपर्छ । त्यसकारण हामी एमालेसँग सहकार्य गरी अघि बढ्ने निष्कर्षमा पुगेका हौं ।

**० तपाईंहरूले विगतमा धेरै विरोध गर्दै आउनुभएको पार्टीसँग सहकार्य गर्न पुग्नुले सबैलाई आश्चर्यमा पारेको छ । एमाले कसरी अचानक प्यारो हुन गयो ?**

– हेनुस् । निषेधको राजनीतिले केही हुँदैन । अहिले राजनीतिक वातावरण फेरिएको छ । नेकपा एमाले एक नम्बर पार्टी बन्ने लाइनमा छ । एमाले पनि अरू दलसँग सहकार्य गर्न खोजिरहेको छ । राजनीतिक शक्तिहरू अलगथलग भएर देशको समस्या समाधान हुँदैन । यस्तो परिस्थितिमा सबै मिलेर अघि बढ्नु राम्रो हो । फेरि हामीले आफ्ना मुद्दा र एजेण्डालाई छाडेको छैन नि । यो कुरा हामीले गरेको सम्झौतापत्र प्रष्टसँग लेखिएको छ । तराई मधेशसहितका उत्पीडित जनतालाई समानताका अधिकार प्राप्तिमा अगाडि बढ्ने साझा दायित्व हुने कुरा लेखिएको छ । मधेशका समस्या समाधानमा एमाले सकारात्मक भएपछि उसँग सहकार्य गर्न कुनै समस्या छैन नि ।

**० त्यसो भए मधेशीको अधिकार प्राप्तिको लडाईंमा राजपा नै बाधक बनेको तपाईंहरूको आरोप छ ?**

– राजपा बाधक बनेको होइन । तर, राजपाले दुई नम्बर प्रदेश बाहेक अन्य प्रदेशको ख्याल गरेन । पाँच नम्बर प्रदेशलाई बेवास्ता गर्‍यो । अर्को, राजपाको समर्थनमा रहेको सरकारबाट गठित क्षेत्र निर्धारण आयोगको कामप्रति कुनै आपत्ति जनाएन । पाँच नम्बर प्रदेशको क्षेत्र निर्धारण गर्दा उत्तर दक्षिण बाडिएको छ । कांग्रेसको हिसाबले मात्र क्षेत्र निर्धारण भएको देखियो । भनेपछि राजपा किन केही बोलेन ? क्षेत्र निर्धारणमा पाँच नम्बर प्रदेशका मधेशीसँग अन्याय हुँदासमेत राजपा केही बोलेन । यी सबै कारणले हाम्रो राजनीतिक अस्तित्व नै संकट परेको छ । त्यसका लागि पनि एमालेसँग हामीले सहकार्य गरेका हौं । अरू पार्टीले त पार्टी प्रवेश गर्न भनेका थिए । तर, एमाले सहकार्य गर्न तयार भयो । हामी एमालेमा प्रवेश नगर्ने, मात्र सहकार्य गरेर अघि बढ्ने सहमति भएको हो ।

**० मुख्य असन्तुष्टि क्षेत्र निर्धारण हो ?**

– थुप्रै असन्तुष्टिमध्ये यो पनि एउटा असन्तुष्टि हो । राजपाले कांग्रेससँग सहकार्य गरेको थियो । त्यसैले पाँच नम्बर प्रदेशमा मधेशी बाहुल्य क्षेत्रलाई ध्यानमा राखेर क्षेत्र निर्धारण गर्नुपर्ने सवालमा राजपा बोल्नुपर्दथ्यो । तर, बोलेन ।

**० यसका लागि पार्टीभित्र दबाब दिन सक्नुहुन्थ्यो । किन दबाब दिनु भएन ?**

– पार्टीका शीर्ष नेताहरूले ध्यान दिनुपर्ने थियो । प्रदेश नम्बर २ का ख्याल गर्ने तर, पाँच नम्बर प्रदेशको बेवास्ता गर्ने काम गरियो । अर्को पाँच नम्बर प्रदेशमा चुनावका बेला बहिष्कारको नीति लिइएको थियो । जसले गर्दा हाम्रा मानिस यताउता गए । राजपाले मात्र दुई नम्बर केन्द्रित राजनीति गरेको देखियो ।

**० हृदयेश त्रिपाठीजयू पनि त राजपामा अध्यक्षमण्डलका सदस्य हुनुहुन्थयो नि । असन्तुष्टिका विषयमा पार्टीमा बोल्न सक्नुहुन्थयो नि ।**

– त्यो त पछिबाट नामका लागि उहाँलाई अध्यक्षमण्डलको सदस्य बनाइएको थियो । राजपाले देखाउनका लागि मात्र त्रिपाठीजीलाई अध्यक्षमण्डलमा ल्याएको थियो ।

**० भनेपछि पश्चिमका आफ्ना नेताहरूलाई राजपाले पाखा लगाउने काम गरेको भन्नुहुन्छ ?**

– हो । राजपाले हामीहरूलाई उपेक्षित गरेकै हो । यो उपेक्षाविरूद्ध हामीले केन्द्रीय कार्यसमितिमा पनि आवाज उठाएका थियौं । नेतृत्वलाई पनि हामीले सचेत गराएका थियौं । तर, उहाँहरू ध्यान दिनुभएन । पश्चिमको सवालमा नेतृत्वहरू कहिल्यै पनि गम्भीर बनेनन् । त्यसकारण हामीले कुनै न कुनै बाटो लिनै पर्ने थियो ।

**० संविधान संशोधन नहुँदै राजपाले स्थानीय चुनावमा सहभागिता जनाएकोप्रति पनि आपत्ति छ ?**

– होइन । यसमा हाम्रो आपत्ति छैन । हाम्रो मुख्य सरोकार के हो भने जुन हिसाबले कांग्रेसको सहयात्री राजपा बनेको थियो, त्यो हिसाबले राजपाले केही लिन सकेन । पाँच नम्बर प्रदेशको क्षेत्र निर्धारणमा समेत राजपा केही मतलब राखेको देखिएन । राजपाले कांग्रेसकै हितका लागि मात्र काम गरेको जस्तो देखियो ।

**० राजपा कांग्रेसको पिछलग्गु बनेकै हो ?**

– हो । राजपाको काम गर्ने शैली त्यस्तै छ । संविधान संशोधन नगराएर चुनाव जाँदा कांग्रेसलाई नै फाइदा भएको छ । पाँच नम्बर प्रदेशमा पनि दक्षिण उत्तर सीमा कोरिएको छ ।

**० भनेपछि नेकपा एमालेले तपाईंहरूका माग सम्बोधन गर्छ ?**

– गर्छ । पाँच नम्बर प्रदेशका समस्या सम्बोधनमा एमाले सकारात्मक देखिएको छ । हामी निषेधको राजनीति मात्र नगरौं । मिलेर अगाडि बढ्नुपर्छ । हामी स्वतन्त्र रूपमा एमालेसँग सहकार्य गरी चुनाव लड्छौं । मधेशका सवालमा नेकपा एमाले सकारात्मक छ ।

**० नेकपा एमाले मधेशमा दुई प्रदेशका लागि तयार हुन्छ ?**

– मधेशमा दुई कांग्रेस, माओवादीलगायत कसैले पनि त दिन तयार देखिएको छैन । एमालेले दिन्छ भन्ने कुराको म ग्यारेन्टी त लिन्न नि । सहकार्य गरेर जाने वातावरण बनेको छ ।

**० तपाईंहरूले स्वतन्त्र राजनीतिक समूह बनाउनुभएको छ । भनेपछि स्वतन्त्र रूपमा चुनाव लड्नुपर्नेमा एमालेसँगको सहकार्य किन ?**

– सहकार्य आवश्यक छ ।

**० होइन, स्वतन्त्रलाई सहकार्य किन आवश्यकता पर्‍यो ?**

– हामी चुनाव लड्दा स्वतन्त्र रूपमा नै लड्छौं ।

**० अनि सूर्य चिह्न लिएर लड्ने भन्नु भएको छ नि त ?**

– हामी तालमेल गरेर सूर्य चिह्न लिएर लड्छौं ।

**० स्वतन्त्र पनि भन्नुहुन्छ, पार्टीको चुनाव चिह्न पनि रोज्नुहुन्छ । किन नि ?**

– हामीले चुनाव चिह्न रोजेर पार्टीमा प्रवेश गर्ने होइन । यो तालमेल हो ।

**० कुनै बेला नयाँ शक्ति फोरम नेपालको चुनाव चिह्न लिएजस्तै एमालेको चुनाव चिह्न लिएर लड्नुहुन्छ ?**

– हो । त्यस्तै हो, त्यस्तै ।

**० एमालेमा प्रवेश गर्नुहुन्न् ?**

– होइन । हामी एमालेमा जाँदैनौं । सहकार्य मात्र हो ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# बाम एकता राजनीतिक प्रोपोगण्डा मात्र हो

अहिले कम्युनिष्टहरूको एकताले सत्तामा जानको लागि भएको प्रष्ट बुझिन्छ । अहिलेको अवस्थामा यिनीहरूको लोकप्रियता घट्दै गइरहेको छ । यिनीहरू सत्तामा रहुञ्जेल कुनै राम्रो काम पनि गरेनन् । जनतालाई झुटो आश्वासन बाँडेर जनताको मत लिने काम गरे । तेस्रो चरणको स्थानीय तहको निर्वाचनबाट जनताले विकास, समानता खोजिरहेको छन् भन्ने बुझियो ।



राकेश मिश्र
सहमहामन्त्री, राजपा नेपाल

**० बामपन्थी दलहरूबीचको एकीकरणलाई कुन रूपमा लिनुभएको छ ?**

– राजपा नेपालले यसलाई विचारमुखी गठबन्धन नमानेर सत्तामुखी गठबन्धनको रूपमा लिएको छ । यो गठबन्धन मधेश विरोधी गठबन्धन हो । खोक्रो राष्ट्रवादलाई मलजल गर्ने गठबन्धन हो । यो गठबन्धनले खोक्रो राष्ट्रवादको मुद्दालाई बल दिएको हो । कम्युनिष्टहरू सत्ता बिना बस्नै सक्दैन भन्ने यसबाट प्रष्ट हुन्छ । यो खोक्रो राष्ट्रवादले मधेश आन्दोलनको बेला उनीहरूलाई दबाउनका लागि, मधेशमाथि रहेको आन्तरिक उपनिवेशलाई निरन्तरता दिनको लागि जुन अभियान केपी ओलीको नेतृत्वमा एमालेले सुरू गर्‍यो त्यसैको यो निरन्तरता हो । हामी सबै सजग भएर बस्नुपर्ने हुन्छ । खोक्रो राष्ट्रवाद यहाँ हाबी भएको छ । त्यो त हामी माथी थिचोमिचो गर्ने राष्ट्रवाद हो । यो मेहन्द्रीय राष्ट्रवाद हो । महेन्द्रकै कालखण्डमा त्यो एन्टी इण्डियन राष्ट्रवादलाई संरक्षण गरेर मधेशमाथि थिचोमिचो गर्ने नीति आारम्भ भयो । त्यसैको निन्तरता र अगुवाई अहिले कम्युनिष्टहरूले गर्दैछन् ।

**० कम्युनिष्टहरूले अहिले सहकार्य गरेका छन्, पछि पार्टी एकीकरण गर्ने प्रक्रिया थालेका छन्, यसले नेपाली राजनीतिमा कस्तो प्रभाव पर्ला ?**

– अहिले कम्युनिष्टहरूको एकताले सत्तामा जानको लागि भएको प्रष्ट बुझिन्छ । अहिलेको अवस्थामा यिनीहरूको लोकप्रियता घट्दै गइरहेको छ । यिनीहरू सत्तामा रहुञ्जेल कुनै राम्रो काम पनि गरेनन् । जनतालाई झुटो आश्वासन बाँडेर जनताको मत लिने काम गरे । तेस्रो चरणको स्थानीय तहको निर्वाचनबाट जनताले विकास, समानता खोजिरहेको छन् भन्ने बुझियो । यी कारणले फेल भइसके पछाडी यिनीहरूले सत्तामुखी पावरलाई जोगाउनका लागि गरेको अपवित्र गठबन्धन हो ।

**० स्थानीय तहको तेस्रो चरणको निर्वाचनको मतपरिणाममा कम्युनिष्टहरूको जुन अवस्था आयो त्यसबाट भयभित भएर यो गठबन्धन अथवा एकीकरण गर्ने प्रयास हो कि ?**

– यो पनि प्रयास हो । तर, यो भन्दा पनि मुख्य कुरा के हो भने यिनीहरूले ३-४ महिना अगाडिदेखि नै प्रयास गर्दै थिए । तर, यिनीहरूको जुन प्रकारको काम रह्यो त्यसप्रति जनताहरूले विश्वास गर्न सकेनन् । पहिलो चरणको स्थानीय तह निर्वाचनमा एमालेले भारतलाई गाली गरेर पुरै जित्छु भन्ने सोच्यो जुन सोचाई पुरा भएन । दोस्रो र तेस्रो चरणको चुनावमा जनताहरूले झन् उनीहरूको नारालाई स्वीकार गरेनन् । त्यसैले यसलाई बचाउनका लागि नयाँ-नयाँ प्रोपोगण्डा सुरू गरे । अहिले बाम एकताको नारा दिएर यस्ता कामहरू गरिरहेका छन् । २०६२-०६३ को आन्दोलनको बेला एमालेले आफूलाई लोकतान्त्रिक भन्न रूचाँउथे । जुन परिभाषाले सत्ता प्राप्त हुन्छ त्यो परिभाषालाई नै अङ्गीकार गर्ने एमाले पार्टीको पहिलादेखिकै बानी नै रहेको छ ।

**० तपाईहरूले नेकपा एमालेलाई उग्रराष्ट्रबादी र राष्ट्रघाती पार्टी भन्नुहुन्छ तर राजपा नेपालबाट पार्टी छोडेर जाँदा एमालेमै जान्छन्, किन यस्तो भएको होला ?**

– यो सम्बन्धित नेताको व्यक्तिगत विचार हो । जसले जहाँ स्पेस पाउँछ त्यहाँ जान खोज्छ । उनीहरूको सिद्धान्त र विचारभन्दा पनि चुनाव जित्ने रणनीति हो । कुन दलमा जाँदा कसरी चुनाव जित्न सकिन्छ त्यति मात्रै ती नेताहरूले सोच्ने गरेका हुन्छन् । यो षड्यन्त्र कहाँबाट सुरू भयो भने संसदीय निर्वाचन क्षेत्र निर्धारण आयोग बन्यो त्यसले मधेशलाई पुनः आन्तरिक उपनिवेशमा राख्न प्रयास अनुरूप काम गर्न थाल्यो । प्रत्येक निर्वाचन क्षेत्रमा जहाँ मधेशी बाहुल्य हो त्यहाँ अर्कै तरिकाले ठूल्ठुला नेताहरूलाई नोक्सान हुने प्रकारको क्षेत्र निर्धारण गरियो जसको कारण केही नेताहरूमा हतासको वातावरण बनेको छ ।

**० राजपा नेपालको अध्यक्ष मण्डलका सदस्यसमेत रहेका हृदयेश त्रिपाठीजी पार्टीबाट विद्रोह गरेर स्वतन्त्र राजनीतिक समूह गठन गर्नुभयो, उहाँसँगै राजपा नेपालका अन्य पाँच जना नेताहरू पनि गए । उहाँहरूले एमालेको सूर्य चुनाव चिह्नबाट चुनाव लड्ने निर्णय गरेका छन्, यसलाई कुन रूपमा लिनु भएको छ ?**

– हृदयेशजीको जुन राजनीतिक जीवन छ त्यो जीवन नै मधेशवादमा अधारित जीवन हो । उहाँको राजनीतिक उचाई, क्षमता सबै मधेशको राजनीतिबाट नै भएको हो । उहाँले पार्टी छोड्दा सबै स्तब्ध बनेका छन् त्यो स्वाभाविक कुरा हो । तर, उहाँले जुन हिसाबले स्वतन्त्र समूह बनाएर जानु भएको छ त्यो मधेशको लागि ठिक होइन र एमालेको चुनाव चिह्न लिएर चुनाव लड्नुहुन्छ भने त्यो उचित कदम हुन सक्दैन । तर, यो उहाँको व्यक्तिगत निर्णय हो । उहाँ चुनाव जित्ने हिसाबले जानु भएको हो । एमालेको विचारबाट प्रभावित भएर जानुभएको होइन ।

**० एमालेको चुनाव चिह्न लिएर गइसकेपछि अब उहाँहरू राजपा नेपालका पदाधिकारी छन् कि छैनन् ?**

– उहाँले स्वतन्त्र गठबन्धन बनाउनु भो त्यो राजपा नेपालबाट अलग भएर नै बनाउनु भएको हो । अब राजपा नेपालको पदाधिकारी अथवा नेता हुने कुरो भएन । पार्टीमा नेता आउने जाने क्रम चलि नै रहन्छ । राजनीतिक कालखण्डमा धेरै ठूला नेताहरू आउने जाने गरेकै हो । नेपाली काँग्रेसको इतिहास हेर्ने हो भने त्यो बेला काँग्रेसका महामन्त्री भइसकेका नेताहरू राजासँग गएकै हो । राजनीतिक पार्टीमा नेता आउने जाने क्रम जारी रहन्छ ।

**० यस सन्दर्भमा राजपा नेपालले अधिकारीक रूपमा कुनै प्रेस विज्ञप्ति जारी गरेको छ ?**

– जो गइसक्यो भने त्यो गए सरह भइ नै हाल्यो । अब त्यसलाई विज्ञप्ति जारी गरेर हटाउनु पर्ने कुनै तुक छैन । यो राजनीति प्रोपोगण्डाको लागि गरिएको हो । तर मान्छेहरू स्वतन्त्र रहेको छ उ जहाँ पनि जान सक्छ । हामी एउटा विचार बोकेर मधेशी र आम नेपाली समुदायमा गएका छौं । हामीलाई पहाडमा बसेको जनजातीहरूको हित पनि सोचेका छौं । मधेशमा बसेको मधेशीहरूको हित पनि सोचेका छौं । मधेशी समुदाय माथी, मधेशी जनता माथी र मधेशी भुमी माथी विभेद भयो त्यो अन्त हुनु पर्छ किनभने जबसम्म मधेश विकसित हुँदैन, सम्पन्न हुदैंन, सम्बृद्ध हुदैंन तबसम्म राष्ट्रको विकास पनि हुँदैन । मण्डले राष्ट्रबादले के सोच्दैछ भने पहाड मात्रै धनी भयो भने नेपाल धनी र सम्वृद्ध हुन्छ । यस्तो सोचाई राष्ट्रघाती सोच हो ।

**० ६ वटा पार्टीको एकीकरण भएसँगै हृदयेश त्रिपाठी लगायतका नेताहरू असन्तुष्ट रहेका थिए तिनीहरूलाई पार्टीले सहमतिमा ल्याउने प्रयास किन गरेन ?**

– सहमतिमा ल्याउने प्रयास त गरेकै हो । राजनीतिमा केही कमिकमजोरी हुन्छ जसरी व्यक्तिगत जीवनमा हुने गरेको हुन्छ । यस्ता कमजोरीहरूलाई पार्टीभित्रै रहेर सुधार गर्नु यसलाई संशोधन गर्नु यो सबैको कर्तव्य हो । पार्टी भनेको धेरै व्यक्तिहरूको समुह मिलेर बनेको हुन्छ । पार्टीको निर्णयमा केही व्यक्तिहरू सन्तुष्ट हुन्छन् भने केही असन्तुष्ट पनि हुन्छन् । तर यसमा भएका सैद्धान्तिक कमी-कमजोरीलाई सुर्धान सकिन्छ । व्यक्तिगत लाभ हानीका कमी-कमजोरी छ त्यसलाई पनि सुधार गर्न सकिन्छ । प्रयास पनि भएकै थियो । उहाँहरूलाई अध्यक्ष मण्डलमा सामिल गर्ने निर्णय समेत भइसकेको थियो । तर पनि यस्तो किन भयो त्यसको बारेमा विस्तृत कुरा आइपुगेको छैन । तर हाम्रो बुझाई स्वतन्त्र हो पार्टीमा आउने जाने भइरहेको हुन्छ । उहाँको पार्टी छोडेरै जाने खालको असन्तुष्टि रहेको थिएन ।

**० प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनको लागि राजपा नेपालले कसरी तयारी गरिरहेको छ ?**

– हामीले प्रदेश र प्रतिनिधि सभाको लागि जिल्ला कार्यसमितिलाई निर्देशन गरेका छौ कि यहि २० गतेसम्म प्रतिनिधी सभा र प्रदेश सभाको उम्मेदवारहरूको नाम सिफारिस गरोस् । सबै जिल्लाबाट उम्मेदवारहरूको नामावली आउँछ । त्यसमाथी अध्यक्ष मण्डलले बसेर सबैमा को योग्य छ कसलाई टिकट दिदाँ राम्रो हुन्छ त्यस विषयमा गहन छलफल हुन्छ र छलफल पछि अन्तिम निर्णय हुन्छ । हाम्रो पूर्ण रूपमा मधेश मुक्तिको लडाँई हो । मधेशको प्रतिनिधित्व संसदमा भएन भने जसरी यिनीहरूले लङ्गडो संविधान बनाए त्यही संविधानलाई फेरी मलजल गर्न पटक पटक गल्ती गर्छ । त्यो गल्ती गर्न नदिनको लागि मधेशको प्रतिनिधित्व संसदमा जरूरी छ । यही मुद्दा लिएर हामी जनसमक्ष जान्छौं र शिर्षक वर्गको जुन षड्यन्त्र रहेको छ त्यसलाई हामी खुलस्त पाछौं र जसरी संविधान निर्माणको बेला जसरी हुन्छ भनि भोटिङ्ग गरायो र दुई तिहाईको दम्भ देखायो त्यसको जवाफ हामी दिन्छौं । मधेश आन्दोलनको बेला मानव अधिकारको हनन् गरियो, मधेशीहरूको छाती र टाउकोमा गोली हानेर हत्या गर्‍यो त्यो सबै कुरा हामी आम मधेश र आम सम्पूर्ण नेपाली मतदाता समक्ष हामी उठाउँछौं । हामीलाई पूर्ण विश्वास रहेको छ कि हामीले उठाएको मुद्दा प्रति मधेशी जनताहरूको शत प्रतिशत सर्मथन प्राप्त हुन्छ । र यी ठूला दलहरू परास्त हुन्छ ।

# नेपालको राजनीतिमा एकात्मक शासन प्रणाली

प्रभात राय भट्ट



एकात्मक सर्वसत्तावादीहरू सधैं एक अर्कालाई दुश्मन सम्झिने केपी ओली, प्रचण्ड र बाबुराम भट्टराई आआफ्नो पार्टीको नीति सिद्धान्तलाई तिलाञ्जली दिँदै एक आपसमा आलिंगणबद्ध भएका छन् ।

हामी नेपाली जनता छोटो समयमा धेरै परिवर्तनका खुड्किला पार गर्यौं । २००७ सालदेखि २०७२ सम्म राणा साशन, शाही शासन, बहुदल व्यवस्थाको प्रजातन्त्रको अवसान हुँदै हाल संघीय गणतन्त्रसम्मको परिवर्तन ल्याउन सफल भयौं । तर, शासकलाई कहिले पनि हामी परास्त गर्न सकेनौं जुनसुकै परिवर्तनमा शासक उही रही रह्यो जुन सत्ताको नाम हो एकल जातिय सत्ता प्रणाली ।

नेपाल एकीकरणकालदेखि हालसम्म सत्ताका मालिक खस क्षेत्री ब्राह्मण बाहेक अरू कुनै जातजाति समुदायका हुन सकेनन् देशका मालिक एवं उत्तराधिकारी उही हुन् । सत्ता, शासन-प्रशासन, शक्ति सामर्थ्य, रिद्धिसिद्धि, प्रशिद्धि, मान-सम्मान सबका मालिक उही एकल जातीय शासक हुन् । सत्ताभोगका निमित्त राष्ट्रिय राजनीतिक पार्टीहरूको संरचनाअनुसार गैरखस ब्राह्मण समुदाय चिरकालसम्म सत्तामा पुग्ने दुसाहस पनि गर्दैनन् । उदाहरणका लागि नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल हुन् । यिनीहरूको उत्तराधिकारीमा कुनै गैरब्राह्मण छैन । एकल जातीय सत्ता, एकल जातीय धर्म, एकल जातीय संस्कृति, एकल जातीय भाषाभेषलाई २८% को हाराहारीमा रहेका समुदायले ७२ प्रतिशत जनतामाथि जबर्जस्ती लादेका छन् र यसलाई राष्ट्रियताको नाम दिएको छ ।

एमाले, माओवादी, कांग्रेस सबै विषालु सर्प हो । आफ्नो जातीय संरक्षण एवम् विकास हेतु नेपाल एकीकरणदेखि नै एकल जातीय शासन पद्धतिको अवलम्बन गरी बाँकी समुदाय जातजातिको उन्नति विकास देख्न चाहेनन् । अझै मधेशीलाई त नेपाली हुनबाट पनि वञ्चित गर्दै आएको इतिहास छन् हाम्रा सामु । त्यसैको संस्कार अहिले पनि देखिन पाइन्छन् कि मधेशीले अधिकारको कुरो गर्दैमा शासक वर्गले इन्डियन र बिहारीको तक्मा भिराई हाल्छन् । विभेदपूर्ण राष्ट्र नीतिलाई संविधान संशोधन गरी सर्वहारा वर्गको अधिकार अविलम्ब सुनिश्चित गर्नु पर्ने तिर कुनै पनि पार्टीको नीति सिद्धान्त छैन । बरू अनन्तकालसम्म यो विभेदपूर्ण शासकीय प्रणालीको टिकाउका निमित्त खस शासकहरूले विभिन्न हथकन्डा अपनाई रहेका छन् ।

नेपालको राष्ट्रिय पार्टी भनाउँदाको मुख्य लक्ष्य जातीय संरक्षण हेतु सत्तामा आफू मात्र टिकी राख्न अरूलाई विभिन्न षड्यन्त्र रची निषेध गरी राख्ने वंशाणुगत गुण एवम् नीति हो । राष्ट्रिय राजनीतिमा छेपारो प्रवृत्तिका नेताहरूको कमी छैन जो मौसमी रंग फेर्न खप्पिस छन् उही राजनेता कहलाउँछन् । नेपालका सीधासोझा जनता पनि हावादारी र अति रोमाञ्चकारी गप्पलाई कर्णप्रिय ठान्दछन् । नेताले पनि मिठामिठा सपना बाँड्छन्, पीडित शोषित एवम् राज्यद्वारा उपेक्षित जातजाति समुदायलाई आफू नै तारणहार हो, म नै तिमीहरूको पालनहार हो भने अनुभूति गराउँछन् । जनताहरू जय जयकार मनाउँछन् । शोषित पीडित तप्काका जनताहरू त सुनौला सपना बोकी झन् उफ्री उफ्री नाच्न थाल्छन् । वर्षौंदेखिको उत्पीडनबाट मुक्तिको आगमनलाई स्वागत गर्नका निमित्त आतुर हुन्छन् । तर त्यो घोषणा र उद्घोष को धरातल नै झुठो प्रतिविम्वमा निर्माण गरिएको हुन्छ । केवल आआफ्नो सत्ता शासन सुख सुबिधा टिकाउनका लागि बेचरा सीधा सोझा जनतालाई के थाहा । तर त्यो सेतो झुठको आयु धेरै लामो हुँदैन र केही समय पश्चात जनता सामु छर्लङ्ग भइहाल्छन् अनि टुट्छ जनताको विश्वास, टुट्छ सुनौला सपनाहरू, टुट्छ मुक्तिको कामना अनि जनताहरू निरीह हुन्छन् । फेरि जनताहरू अरू नै कुनै विकल्पको खोजीमा हुन्छन् । र, जब जनताको रूझान जनताका लागि लड्ने पार्टी, मुक्तिकामी पार्टी, समानता समावेशीको मूल सिद्धान्तबाट जन्मिएको पार्टीतिर जान थाल्छन् अनि फेरि एकल जातीय सत्ताका शोषक शासकहरूको अगाडि केही विकल्प रहँदैन अनि अन्तिम क्षेप्यास्त्रको रूपमा खोक्रो राष्ट्रवादका नारा घन्काउने भरौटेहरूको जमातलाई अगाडि बढाउँछन् र सीधा सोझा निमुखा जनताहरू पुन: खोक्रो राष्ट्रवादको नाममा भ्रमित भइरहेका हुन्छन् ।

### खोक्रो राष्ट्रवाद र राष्ट्रियता बीचको फरक

राष्ट्रियता भनेको राष्ट्रको माटोसँग जसको प्रगाढ प्रेम हुन्छ, जसले राष्ट्रको विभिन्न भाषा भेष सबै तप्काका जातजाति र समुदाय एवम धर्मसंस्कृति साथै देशको माटोको संरक्षण गर्छ र कुनै प्रकारको छुवाछुत लिंगभेद रंगभेद नराखी सबैलाई समानताको व्यवहार गर्दछ त्यो नै राष्ट्रवादी हो । तर, कथित राष्ट्रवादी भनाउँदा सामन्तवादीहरू विभेदपूर्ण एकात्मक शासन प्रणालीलाई शोषण गर्ने उद्देश्यले जनतामा लागु गर्ने र गराउने प्रक्रियालाई नै राष्ट्रवाद भन्ने ठान्दछन् ।

जसले यी सामन्तीहरूका अन्त्य गर्न खोज्दछन् र विरूद्धमा आवाज उठाउँदछन् तिनीहरूलाई देश द्रोह र राष्ट्रघातको संज्ञा दिई दबाउने काम गरिन्छ । तर आज संसारभरि आर्थिक र स्वतन्त्रताको क्रान्तिमा जनताहरू तीव्रगतिले बाटोमा उर्लिएको छ । ढिलो चाडो चरणबद्ध तरिकाले विश्वभरिका सामन्तीहरूको अन्त्य सुनिश्चित छ । क्रुर सामन्ती शासक र हिंसक प्राणी बाघको तुलनात्मक अन्त्येष्टी एउटै प्रकारको हुन्छ । बाघ जब बुढो हुन्छ शिकार गर्न असक्षम हुन्छ जसले गर्दा आलो रगत् र मासुको चोक्टा खान पाउँदैन र उसको शक्तिमा ह्रास हुँदै जान्छ तब बाघमाथि साना मसिना जीवजन्तु हरू आक्रमण गर्छ । बाघलाई आहार बनाउँछन् र बाघ निरीह भएर हेर्नु बाहेक केही गर्न सक्दैन । अन्ततः बाघको अन्त्य हुन्छ । ठिक यसै प्रकार सामन्ती शासकको अन्त्य पनि यस्तै हुन्छ जब जनतामा चेतनाको विकास हुन्छ तब जनताद्वारा युगान्तकारी संग्राम हुन्छ र जनताको विजय हुन्छ । देशमा सत्ता शासन जनताको हातमा आउँछ र सामन्तीहरू जनतालाई दमन शोषण गर्न पाउँदैन तब क्रुर शासकहरू बुढो बाघ जस्तै निष्क्रिय र निरीह हुन्छन् । अनि राष्ट्रद्वारा शोषित उपेक्षित हरेक समुदायहरू हरेक वर्ग लिंगका नागरिकहरू आफ्नो अधिकार सुनिश्चितताको आवाज उठाउँदै देशको प्रत्येक निकायमा समावेशीकरण हुँदै जान्छ र सामन्तवादहरूका उतराधिकारीहरूको अस्तित्वमा ह्रास हुँदैजान्छ र निरीह भएर हेर्ने बाहेक अरू केही गर्न सक्दैन । अन्ततः सामन्तीको अवसानमाथि सर्वहारावर्गको विजय हुन्छ ।

आजको परिप्रेक्ष्यमा केही यस्तै हालत छ सामन्तवादका उतराधिकारीहरूको जसले आफ्नो अवसान निश्चित हुने भय डरत्राशले त्रशित भई खोक्रो राष्ट्रवादका नारा लगाएर आम जनताहरूलाई झुक्याउन र पुन: आफ्नो कायापलट गर्ने दाउपेचमा लागि परेका छन् ।

### सत्ता समर्पण र मुद्दा विसर्जन

सत्ता मोहको अधिनस्त नेताहरू मात्र नभई सिङ्गै पार्टी नै मुद्दा विसर्जन सत्ता समर्पणको खेलमा संलग्न देखिएको छ । यो खेलमा मुक्तिकामी पार्टीहरू एक नम्बरका खेलाडी छन् । कुरा गरौं माओवादी पार्टीको । १७ हजार निर्दोष जनताको बली चढाएर सत्तामा सिधा सोझा जनताको लासमाथि सिँढी चढेर सत्तासम्म पुग्न सफल भयो र विभिन्न कालखण्डमा दोहरो चरित्रको अभिव्यक्ति दिई जनतालाई भ्रमित गर्नु बाहेक अरू केही गर्न सकेनन् र सत्तालिप्सामै तल्लीन भइरहे यी मुक्तिका सपना बाँडनेहरूसँग मधेशी मात्र हैन आदिवासी जनजातिहरू पनि आजित भएर उपेन्द्र यादवको अध्यक्षतामा संघीय समाजवादी फोरम नेपाल पार्टीको निर्माण गरे । उता मधेसवादी गुटहरू मधेश मुद्दा सम्बोधनकै निमित ६ दल मिलेर राजपा दलको निर्माण गरे अनि २ नम्बर प्रदेशको स्थानीय चुनाव तेस्रोमा अपेक्षित मत ल्यानमा सफल भए । अनि सदा सर्वदा मधेश विरूद्ध उभिएका केपी ओलीको भ्रम टुट्न थाल्यो । मुक्तिकामी जनताहरूको जीत देखेर खस शासकहरू भयभीत हुन् थाल्यो । त्यसैको परिणाम हो यी बामपन्थीहरूको मिलन । एकात्मक सर्वसत्तावादीहरू सधैं एक अर्कालाई दुश्मन सम्झिने केपी ओली, प्रचण्ड र बाबुराम भट्टराई आआफ्नो पार्टीको नीति सिद्धान्तलाई तिलाञ्जली दिँदै एक आपसमा आलिंगणबद्ध भएका छन् ।

सम्पूर्ण मुक्तिकामी आदिवासी जनजाति मधेशी दलित मुस्लिम एवं पिछडावर्गहरूलाई ज्ञात्यव्य गराउन चाहन्छु। यो बाम एकताको मूल मर्म उद्देश्य एक मात्र एकात्मक सत्ता शासन माथि कब्जा गरी राख्ने अनि बाँकीको जातजाति समुदायलाई दीर्घकालसम्म दास बनाई राख्ने हो । तसर्थ यो कुरालाई ख्याल राखी मंसिर १० र २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा वामपन्थीहरूलाई पूर्ण बहिष्कार गरी मुक्तिकामी पार्टी संघीय समाजवादी फोरम नेपाल एवम् राजपालाई नै आ आफ्नो ठाउँबाट अत्यधिक मत दिई विजय गराउनु तपाईं हामी सबैको परम् जिम्मेवारी हो ।


## क्यान्सर

शरीरमा अनियन्त्रित रुपमा कोषहरुको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरुवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरु :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू


## मोहर्रम हर्षोल्लासका साथ मनाइयो

इमरान खान, कपिलवस्तु । कपिलवस्तुमा इस्लाम धर्मावलम्बी मुस्लिमहरूले महान चाडपर्ब मोहर्रम हर्सौउल्लासका साथ मनाएका छन् । आजदेखि लगभग १३५० वर्ष पहिला सन् ६१ हिजरीमा जब ईस्लाममाथि एजिदोने हम्ला गरे अर्थात् एजिदीहरू जुन ईस्लाम जायज जसलाई नाजायज बनाउना लाई, जुन हराम छ उसलाई हलाल गर्नलाई अच्चछाई (सत्यता) छ त्यसलाई मेटाउनलाई एउटा एजिद नामका मानिस जुन हजरत अमिर माबियाको छोरा इजिद



थियो । जब यो कुरा गरे त्यतिवेला मक्का मदिना दमिस्क एहाक र त्यसको अलावा देश माथि उसले जबरजस्ति हुकुमुत गर्न थाले जबा एमामे हुसेनले उसको खिलाफ आवाज उठाउन थाले एमामे हुसेन जुन इस्लामको धर्म गुरू हजरत सल्लाहो ताला वोय वसल्लाम को ( नेवासा ) छोरी को छोरा जमिए एजिदले एमामे हुसन सित वाएत (समार्थन) गर्न भने कि मेरो पछाडि तिमी हिडाँ तबा एमामे हुसेन ले त्यसको कुरा मानेनन (इनकार गरे) त्यस कारण एजिद एउटा जालिम, जाबिर, जनाकार, सराबी, बुराईलाई अगाडी बढाउने मान्छे थियो त्यस कारण एमामे हुसेन ले उसको समर्थन ना गर्न भने पछि मुलके एराक एउटा शहर कोफा को नजिक जुन फरात नदीको किनारमा एउटा मैदान (ठाउँ) थियो जसको नाम करबला थियो उक्त ठाउँमा धोका दिएरा एमामे हुसेन लाई बोलाएर १० मोर्हरम मा उनि सित लडाई भयो र एमामे हुसेन संग बच्चा, आईमाई तथा बुढा पाखा हरू मिलाई ७२ जना थिए भने एजिद संग २२००० जनाको फौज थियो दुई पछ बिच लडाई भयो र जसमा धेरै जनको मृत्यु भयो । र संगै एमामे हुसेन पनि सहिद हुनु भयो यस कारण इस्लामिक मोर्हरम को १० तारिख जुनकी अरबी वर्षको पहिलो महिना हो । यसमा मुस्लिम समुदायका हरे एक मुस्लिमहरू उनको यादमा वर्त वसि इस्लाम ग्रथंको कुरान सरिफ पढि आजको दिनमा आसुँ पोखदै (दु:ख) गमका साथ जुन तरिकाले एमामे हुसेन सहिद हुनु भएको थिए करबलाको मैदानमा त्यसैको यादमा लाखौ लाख रूपैयाको तहाजिया बनाई ( दु:ख ) गमको साथमा करबलाको मैदानमा लैजाने गर्दा छन । यस मा हिन्दु धर्मवलम्बि हरू पनि वहाप्रति अस्था राखि (दु:ख) गमका साथ करबलामा जने गरेका छन । हिन्दु धर्मवलम्बिहरू पनि मुस्लिम धर्मालम्बिहरू जत्तिकै यस चाडपर्ब मोहर्ररमलाई हर्सौउल्लासका साथ मनाउदै गर्दछन । यस मोहर्ररम पर्बलाई कपिलवस्तुका जिल्ला प्रमुख मदन भुजेल जिल्ला प्रहारी प्रमुख तथा सशस्त्रका जिल्ला प्रमुख भगवान मल्ल द्वारा कपिलवस्तुका मुस्लिम तथा हिन्दु धर्मवलम्बिहरूलाई स्वागत तथा शुभकामना दिनुभएको थियो । मोहर्ररमकै सन्र्दभमा मुस्लिमहरूले प्रर्दशन गरेका लाठी, तालवार खेलले खुशि भई जिल्ला प्रमुख मदन भुजेल द्वारा प्रर्दशन गरेको लाठी तथा तलवार खेललाई प्रशंसा स्वरूप पुरस्कार पनि प्रदान गरेका थिए ।

## मधेश अपडेट

### मन्त्री साह क्षेत्र नं. १ बाट चुनाव लड्ने



प्रभु साह

राकेश यादव, रौतहट । आगामी मङ्सिर २१ गते हुने गणतन्त्र नेपालको पहिलो संघीय संसदको प्रत्यक्ष निर्वाचनमा रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट नेकपा माओवादी केन्द्रका केंद्रीय सदस्य तथा शहरी विकास मन्त्री प्रभु साह चुनाव लड्ने भएका छन् । नेकपा माओवादी केन्द्र जिल्ला संगठन रौतहटले ४ वटा निर्वाचन क्षेत्र बाट लड़ने उम्मीदवारको नाम टुङ्गो लगाएको छ । पार्टी कार्यकर्त्ता एवं प्रेस सेंटर नेपालका केंद्रीय सदस्य जीतेन्द्रलाल श्रीवास्तवले मन्त्री साह क्षेत्र नम्बर १ वाट चुनाव लड़ने निश्चित भएको बताएका छन । २ नम्बर क्षेत्रवाट अशोक जायसवाल , ३ नम्बरवाट अमर साह भनिने त्रिभुवन साह , ४ वाट देवेन्द्र पटेलको नाम छनौट गरिएको पार्टीले जनाएको छ । प्रदेश सभाको उमेदवारको विषयमा चाडै निर्णय हुने श्रीवास्तवले बताएका छन् । निर्वाचन क्षेत्र नम्बर १ पुर्व प्रधानमन्त्री माधव कुमार नेपालको क्षेत्र रहेका छन् । नेता नेपाल उक्त क्षेत्रको वर्तमान सांसद हुन् ।

### प्रेस फोरमका केन्द्रीय सदस्यद्वारा राजीनामा

बारा । संघीय समाजवादी फोरम नेपालको भ्रातृ संगठन संघीय प्रेस फोरमका केन्द्रीय सदस्य संजय तिवारीले राजीनामा दिएका छन् । पार्टीले आफ्नो योगदानको मूल्यांकन नगरेको भन्दै तिवारीले राजीनामा दिएका हुन् । पार्टी नेतृत्वले दिनरात पार्टीका लागि काम गर्नेहरूलाई पाखा लगाई आसपासेलाई बढी महत्व दिएको उनको गुनासो छ । उनले संघीय प्रेस फोरम परित्याग गरिसकेपछि अन्य कुनै पार्टीमा नलाग्ने र स्वतन्त्र रूपमा पत्रकारितामा लाग्ने विज्ञप्तिमार्फत् जनाएका छन् । उनी विगत ११ वर्षदेखि फोरम नेपालको विभिन्न अंगहरूमा आबद्ध भई कार्य गर्दै आएका थिए । उनले फोरम नेपालको साधारण सदस्यसमेतबाट राजीनामा दिएका हुन् ।

### एलआइसी नेपालको कार्यालयमा चोरी

महोत्तरी । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जलेश्वरस्थित शाखामा मंगलबार राति चोरी भएको छ । जलेश्वर नगरपालिकाको वडानं. २ स्थित बालमन्दिरको अगाडी तेस्रो तल्लामा रहेको सो कार्यालयको मूलढोका फुटाई भित्रको दराजबाट रकम र चेक चोरी भएको हो । सो कार्यालयका शाखा प्रबन्धक स्वर्णकुमार लाल कर्णले बुधबार कार्यालयमा आउँदा ढोकाको ताल्चा फुटेको, ढोका आधा खुलेको अवस्थामा रहेको काउन्टर तथा स्टील दराजबाट ४१ हजार ३ सय २७ रूपैया चोरी भएको बताए । उनले मंगलबार साँझ कार्यालय बन्द गरेर गएको तर वुधबार कार्यालय आउँदा ढोका फुटेकोले राति नै चोरी भएको बताउँदै काउन्टर र दराजमा रहेको चेक समेत हराइरहेको बताए । घटनाको जानकारी जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई दिइएको र प्रहरीले आएर सबै सोधपुछ गरी अनुसन्धान थालिएको जनाएको छ ।

### भन्सारमा अवैधरूपमा रकम असुली

नेपालगन्ज । नेपालगन्ज भन्सारमा हुने अवैध असुली पर्वका बेला झन् मौलाउदै गैरहेको छ । पर्वका बेला सामान खरिद गर्न जानेहरूसग भन्सार चेकजाचमा खटिएका सुरक्षाकर्मीहरूले अवैध रूपमा रकम असुल्ने गरेको पाइएको हो । घरायसी सामान ल्याउनेहरूसग अवैध असुल्न खोज्दा झगडा समेत हुने गरेको छ ।नेपालगन्जका केही व्यवसायीहरूले भन्सार गराउनु भन्दा अवैध रूपमा 'क्यारिङ्ग' मार्फत भन्सार छलेर सामान भित्र्याउने गरेका छन् । नेपालगन्ज उद्योग वाणिज्य संघले समेत पटकपटक भन्सार कडाई गर्न आग्रह गरेपनि व्यवसायीहरूले 'क्यारिङ्ग' मार्फत भन्सार छलेर भित्र्याउने प्रवृत्ति निरूत्साहित गर्न कुनै ठोस कदम भने चालेको पाइदैन । यद्यपि, संघले विभिन्न कार्यक्रमहरूमा व्यवसायीहरूलाई त्यसो नगर्न आग्रह भने गर्ने गरेको छ । 'चेकजाच गर्ने सुरक्षाकर्मी पिच्छे १० देखि सय रूपैया दिएर सामान भन्सार नगरी ल्याउछौं', क्यारिङ्गमा संलग्न एक व्यक्तिले भने । क्यारिङ्ग मार्फत भन्सार छलेर सामान भित्र्याउने व्यक्तिहरू राजश्व छलेर कमाउ धन्दामा लागेका छन् भने सुरक्षाकर्मीहरू पनि भन्सार गराउन तर्फ भन्दा आफैले केही रकम असुलेर छोड्ने गरेका छन् ।

### कांग्रेस-एमालेको झडपमा बालिकाको मृत्यु

रौतहट । नेपाली कांग्रेस र नेकपा एमाले कार्यकर्ताबीच झडप हुँदा एक तीन वर्षीया बालिकाको हत्या भएको छ । शनिबार राति वृन्दाबन नगरपालिका-५ स्थित दुवै पक्षबीच झडप भएको थियो । खानेपानीको निहुमा हुलास राय यादव र छिमेकी कृष्ण चौधरीबीच राति १० बजे भनाभन भएकोले यादव पक्ष नेपाली काँग्रेस र चौधरी पक्ष नेकपा एमाले भन्दै पछि झडपमा परिणत भएको थियो । झडपमा हुलास यादवको तीन वर्षीया छोरी अञ्जली कुमारीलाई चोट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । यस अघि रौतहटमा निर्वाचन पछि तीन जनाको हत्या भइसकेको छ ।

### वडा अध्यक्ष चौरसियाद्वारा कार्यालय उदघाटन

वीरगंज । वीरगंज महानगरपालिका वडा नं. १६ को नवनिर्वाचित अध्यक्ष तथा पदाधिकारीहरूले बिहीबारदेखि विधिवत रूपमा पुजापाठ गरी वडा कार्यालयको उदघाटन गर्नुका साथै कार्यभार सुभारम्भ गरेका छन् । वीरगंज महानगरपालिका वडा नं. १६ नगवा पोखरियाको छेउमा रहेको जिल्ला जनस्वास्थ्य कार्यालय नगर स्वास्थ्य केन्द्र नगवाको माथिल्लो तल्लामा वडा समितिको कार्यालयको एक समारोहका बिच वडा अध्यक्ष श्यामबाबु चौरसियाले रिबन काटी उदघाटन गरेका छन् । वडा सचिव राजेश्वर साह कानुको सभापतित्वमा भएको कार्यक्रममा नवनिर्वाचित वडा सदस्यहरू कृष्ण कुशवाहा, बिजय प्रसाद साह, महिला सदस्य बिनिता देवी, रिता देवी, सहायक वडा सचिव महम्मद समिम देवान लगायत स्थानियबासीहरूको उल्लेखनिय सहभागीता रहेको थियो । सो अवसरमा सहभागीहरूलाई प्रसादको रूपमा मिठाई समेत वितरण गरिएको वडा सदस्य कृष्ण कुशवाहाले जानकारी दिए । कार्यालय उदघाटन पछि वडा समितिको कार्यालयमा वडा अध्यक्ष श्यामबाबु चौरसियाको अध्यक्षतामा पहिलो बैठक सम्पन्न भएको छ । बैठकले निर्वाचनको समयमा आफूहरूलाई सहयोग गरेकोमा स्थानीयबासीमा धन्यवाद ज्ञापन, वडाको ढल, नाला सरसफाई, दिपावली भन्दा अगाडि नै वडाको सबै पोलमा सडक बत्ति जडान गर्ने लगायतका निर्णयहरू गरिएको छ ।

### नेपालको संविधान थारू भाषामा

कैलाली । नेपालको संविधान पश्चिमा थारू भाषामा प्रकाशन गरिएको छ । प्राचीन सिर्जनशील आदिवासी समाज बर्दियाको अगुवाइमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको अनुमतिबाट संविधान प्रकाशन गरिएको हो । नेपाली भाषामा रहेको नेपालको पहिलो संशोधित संविधान बाँसगढीस्थित 'गुर्वावा एमएम'का प्रमुख एकराज चौधरीले अनुवाद गरेका हुन् । सिँचाइमन्त्री सञ्जयकुमार गौतम र पशुपक्षी विकासमन्त्री सन्तकुमार थारूले सो कृतिको आज विमोचन गरे। नेपालको संविधान थारू भाषामा प्रकाशन गर्न मन्त्रिस्तरीय बैठकले गत पुस १ गते निर्णय गरेको समाचार थारूवान डटकममा प्रकाशित भएको छ ।

### सिकलसेलबारे सचेतनामूलक सांस्कृतिक कार्यक्रम

नेपालगन्ज । बाँकेको कोहलपुरस्थित रझेनामा सिकलसेल एनेमियाबारे सचेतनामूलक सांस्कृतिक कार्यक्रम गरिएको छ । थारू संस्कृति संरक्षण, प्रवर्द्धनसँगै सिकलसेल एनेमियाबारे चेतना फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा कोहलपुर उपमहानगरपालिकाका मेयर लुटबहादुर रावत, उपमेय सन्जुकुमारी थारू, राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष लाहुराम थारू र नेपाल पत्रकार महासँघ बाँकेका अध्यक्ष ठाकुर सिंह थारूले संयुक्तरूपमा थारूहरूको देवतालाई छाँकी चढाएर उद्घाटन गरे । श्री सिद्धार्थ एकीकृत समाज विकास केन्द्र, कोहलपुर नगरपालिका ५ र ६ नम्बर वडाले आयोजना गरेको कार्यक्रममा सिकलसेल एनेमियाबारे सचेतनामूलक नाटक, थारू संस्कृति झल्किने बिभिन्न नाच प्रस्तुत गर्नुका साथै, थारू भेषभुषा, थारू परिकार प्रदर्शन गरिएको कोहलपुर नगरपालिकाका उपमेयर सन्जु कुमारी थारूले जानकारी दिइन् । कोहलपुर क्षेत्रका थारू समुदायबाट हजारौंको सहभागिता रहेको कार्यक्रममा पश्चिम नेपालका थारू समुदायमा स्वास्थ्य समस्याको रूपमा रहेको सिकलसेल एनेमियाबाट बंसानुगतरूपमा शन्तानमा सर्ने तरिका र नियन्त्रण गर्ने उपायकाबारेमा प्रोजेक्टरका माध्यमबाट जानकारी गराइएको उनले बताए ।

# प्रदेश नं. २ मा कुन दल कहाँबाट जिते ?

## नेपाली कांग्रेस

१. औरही गाउँपालिका, धनुषा
२. जनकनन्दिनी गाउँपालिका, धनुषा
३. धनौजी गाउँपालिका, धनुषा
४. क्षिरेश्वरनाथ नगरपालिका, धनुषा
५. धनुषाधाम नगरपालिका, धनुषा
६. कमला नगरपालिका, धनुषा
७. नगराइन नगरपालिका, धनुषा
८. सबैला नगरपालिका धनुषा
९. चन्द्रपुर नगरपालिका, रौतहट
१०. फतुवा विजयपुर, रौतहट
११. गढीमाई नगरपालिका, रौतहट
१२. राजदेवी नगरपालिका, रौतहट
१३. राजपुर नगरपालिका, रौतहट
१४. दुर्गाभगवती गाउपालिका, रौतहट
१५. बृन्दाबन नगरपालिका, रौतहट
१६. परोहा नगरपालिका, रौतहट
१७. महागढीमाई नगरपालिका, बारा
१८. निजगढ नगरपालिका, बारा
१९. बारागढी गाउँपालिका, बारा
२०. कलैया उपमहानगरपालिका, बारा
२१. सिम्रौनगढ नगरपालिका, बारा
२२. करैयामाइ गाउँपालिका, बारा
२३.नवराजपुर गाउँपालिका, सिरहा
२४. कल्याणपुर नगरपालिका, सिरहा
२५. बिष्णुपुर गाउँपालिका, सप्तरी
२६. बेल्ही चपेना गाउँपालिका, सप्तरी
२७. अग्नीसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी
२८. शम्भुनाथ नगरपालिका, सप्तरी
२९. सुरूङ्गा नगरपालिका, सप्तरी
३०. धनकौला गाउँपालिका सर्लाही
३१ रामनगर गाउँपालिका, सर्लाही
३२. हरिपूर्वा नगरपालिका, सर्लाही
३३. बसबरिया गाउँपालिका, सर्लाही
३४. मलंगवा नगरपालिका, सर्लाही
३५. बलवा नगरपालिका, महोत्तरी
३६. औरही नगरपालिका, महोत्तरी
३७. लोहारपट्टी नगरपालिका, महोत्तरी
३८.पर्सागढी नगरपालिका, पर्सा
३९. धोवीनी गाउँपालिका, पर्सा
४०. बहुदरामाई नगरपालिका, पर्सा

## संघीय समाजवादी फोरम, नेपाल

१. विष्णुपुर गाउँपालिका, सिरहा
२. भगवानपुर गाउँपालिका, सिरहा
३. लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा
४. बरियारपट्टी गाउँपालिका, सिरहा
५. सिराहा नगरपालिका, सिरहा
६. फेटा गाउँपालिका, बारा
७. सुवर्ण गाउँपालिका, बारा
८. पचरौता नगरपालिका, बारा
९. खडक नगरपालिका, सप्तरी
१०.बलान बिहुल गाउँपालिका, सप्तरी
११.महदेवा गाउँपालिका, सप्तरी
१२. बोदे बर्साइन नगरपालिका, सप्तरी
१३. तिरहुत गाउँपालिका, सप्तरी
१४. गणेशमान चारनाथ नगरपालिका, धनुषा
१५. लक्ष्मिनियाँ गाउँपालिका, धनुषा
१६. देबाही गोनाही नगरपालिका, रौतहट
१७. बोधीमाइ नगरपालिका, रौतहट
१८. माधवनारायण नगरपालिका, रौतहट
१९. आदर्श कोटवा गाउँपालिका, रौतहट
२०. गरूडा नगरपालिका, रौतहट
२१. वीरगञ्ज महानगरपालिका, पर्सा
२२. बिन्दबासिनी गाउँपालिका, पर्सा
२३. सखुवा प्रसौनी, गाउँपालिका, पर्सा
२४.पकाहा मैनपुर गाउँपालिका, पर्सा
२५. सोनमा गाउँपालिका, महोत्तरी
२६. पर्सा गाउँपालिका, सर्लाही

## राष्ट्रिय जनता पार्टी नेपाल

१. जनकपुर उपमहानगरपालिका, धनुषा
२. हंशपुर नगरपालिका, धनुषा
३. मटिहानी नगरपालिका, महोत्तरी
४. महोत्तरी गाउँपालिका, महोत्तरी
५. एकडारा गाउँपालिका, महोत्तरी
६. भङ्गाह नगरपालिका, महोत्तरी
७. जलेश्वर नगरपालिका, महोत्तरी
८. पिपरा गाउँपालिका, महोत्तरी
९. मनरासिस्वा नगरपालिका, महोत्तरी
१०. तिलाठी कोईलाडी गाउँपालिका, महोत्तरी
११. राजविराज नगरपालिका, सप्तरी
१२. डाकनेश्वरी नगरपालिका, सप्तरी
१३. रूपनी गाउँपालिका, सप्तरी
१४. हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी
१५. देवताल गाँपालिका, बारा
१६. परवानीपुर गाउँपालिका, बारा
१७. प्रसौनी गाउँपालिका, बारा
१८. गौर नगरपालिका, रौतहट
१९. गुजरा नगरपालिका, रौतहट
२०. कविलाशी नगरपालिका, सर्लाही
२१. बलरा नगरपालिका, सर्लाही
२२. चन्द्रनगर गाउँपालिका, सर्लाही
२३. गोडैता नगरपालिका, सर्लाही
२४. कौडेना गाउँपालिका, सर्लाही
२५. ब्रह्मपुरी गाउँपालिका, सर्लाही

## नेकपा माओवादी केन्द्र

१. कर्जन्हा नगरपालिका, सिराहा
२.अर्नामा गाउँपालिका, सिराहा
३. औरही गाउँपालिका, सिराहा
४. मिर्चैया नगरपालिका, सिराहा
५. धनगढीमाई नगरपालिका, सिराहा
६. गोलबजार नगरपालिका, सिराहा
७. कटहरावा नगरपालिका, रौतहट
८. मोलापुर नगरपालिका, रौतहट
९. यमुनामाई गाउँपालिका, रौतहट
१०. ठोरी गाउँपालिका, पर्सा
११. छिपहरमाई गाउँपालिका, पर्सा
१२. जगरनाथपुर गाउँपालिका, पर्सा
१३. गौशाला नगरपालिका, महोत्तरी
१४. बर्दिवास नगरपालिका, महोत्तरी
१५. रामगोपालपुर नगरपालिका, महोत्तरी
१६. सम्सी गाउँपालिका, महोत्तरी
१७. विदेह नगरपालिका, धनुषा
१८. शहीद नगरपालिका, धनुषा
१९. बागमती नगरपालिका, सर्लाही
२०. चक्रघट्टा गाउँपालिका, सर्लाही
२१. बरहथवा नगरपालिका, सर्लाही

## नेकपा एमाले

१. मिथिला विहारी नगरपालिका, धनुषा
२. मिथिला नगरपालिका, धनुषा
३. मुखियापट्टी मुसहरनीया गाउँपालिका, धनुषा
४. बटेश्वर गाउँपालिका, धनुषा
५. नरहा गाउँपालिका, सिराहा
६. सखुवानन्कारकट्टी गाउँपालिकाका, सिराहा
७. सुखीपुर नगरपालिका, सिराहा
८. लाहन नगरपालिका, सिराहा
९. हरिवन नगरपालिका सर्लाही
१०. लालबन्दी नगरपालिका, सर्लाही
११.इश्वरपुर नगरपालिका सर्लाही
१२. हरिपुर नगरपालिका सर्लाही
१३. जिराभवानी गाउँपालिका, पर्सा
१४. पटेर्वा सुगौली गाउँपालिका, पर्सा
१५. कोल्हवी नगरपालिका बारा
१६. जितपुर सिमरा उपमहानगरपालिका, बारा
१७. कञ्चनरूप नगरपालिका, सप्तरी
१८. सप्तकोशी नगरपालिका, सप्तरी

## नेपाल लोकतान्त्रिक फोरम

१. इशनाथ नगरपालिका, रौतहट
२. बिष्णु गाउँपालिका, सर्लाही
३. विश्रामपुर गाउँपालिका, बारा

## नेपाली जनता दल

१. पोखरीया नगरपालिका, पर्सा
२. कालिकामाई गाउँपालिका, पर्सा

## नयाँ शक्ति नेपाल

१. छिन्नमस्ता गाउँपालिका, सप्तरी

# निर्वाचन र सञ्चार विषयक प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौँ । निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा आमसञ्चार माध्यममार्फत सरल र सहज तरिकाबाट सूचना प्रवाह गर्ने उद्देश्यले सञ्चारकर्मीलाई प्रशिक्षण दिनका लागि मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। मुख्य प्रशिक्षकले सातवटा प्रदेश र जिल्ला तहमा सञ्चारकर्मीलाई 'निर्वाचन र सञ्चार' विषयमा प्रशिक्षण सञ्चालन गर्ने छन्।

आयोगमा बुधबार सञ्चालित 'निर्वाचन र सञ्चार' विषयक मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नु हुँदै निर्वाचन आयुक्त नरेन्द्र दाहालले स्थानीय तहको निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न सञ्चार जगत्को सकारात्मक भूमिका रहेको बताए। उनले आगामी मङ्सिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि निर्वाचनमैत्री वातावरण सिर्जना गर्न तथा आचारसंहिता पालना गर्न गराउन सञ्चार जगतको महत्वपूर्ण भूमिका रहेको छ भने। उनले समाचार सम्प्रेषण गर्दा निर्वाचनको संवेदनशीलतालाई ध्यान दिनसमेत सुझाव दिए।

आयोगका सचिव बेगेन्द्र शर्मा पौड्यालले मुख्य प्रशिक्षक प्रशिक्षणमा सहभागीलाई विषयवस्तुप्रति राम्रो जानकारी लिन तथा आफूले सातै प्रदेशमा सञ्चालन गर्ने प्रशिक्षणमा त्रुटिरहित तरिकाबाट प्रशिक्षण गराउन तयार हुन सुझाव दिए। सचिव पौड्यालले भने- स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचन गराउने आयोगको संवैधानिक दायित्व भए पनि सञ्चारजगत्को सकारात्मक सहयोग आवश्यक छ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले निर्वाचन आयोग पूर्णरूपमा स्वतन्त्र र बलियो संयन्त्रको रूपमा रहनुपर्ने तथा निर्वाचनको मिति तोक्ने अधिकार पनि आयोगलाई नै हुनुपर्छ भने। स्थानीय तहको निर्वाचनमा जस्तै आगामी निर्वाचनमा निर्वाचनमैत्री जनमत निर्माण गर्न र निर्वाचनको महत्व बुझाउन सञ्चार क्षेत्रबाट यथेष्ट सहयोग हुने विश्वास दिलाए। अध्यक्षले भने-निर्वाचनलाई सफल तुल्याउनु पत्रकारको पनि जिम्मेवारी हो, निर्वाचन आचार संहिता पालना गर्न गराउन महासंघले आयोगलाई सहयोग पुऱ्याउने छ।

निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नवराज ढकालले सहभागीहरूको स्वगत गर्दै सञ्चारजगत्को प्रशिक्षणबाट निर्वाचन आयोगको समग्र तालिम प्रशिक्षण शुरू भएको जानकारी दिए। उनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई सफल तुल्याउन नौ प्रकारका तालिम सञ्चालन हुने जानकारी पनि दिए। उनले निर्वाचन सम्बद्ध सरोकारवाला तथा कर्मचारीलाई मतदाता शिक्षा प्रशिक्षण, निर्वाचन र सञ्चार, निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन, निर्वाचन र सुरक्षा, निर्वाचन सञ्चालन र व्यवस्थापन, निर्वाचन र प्रविधि व्यवस्थापन, मतदान तथा मतगणना, राजनीतिक दल सम्बद्ध युवाका लागि निर्वाचन व्यवस्थापन, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। नेपालस्थित संयुक्त राष्ट्रसंघीय निर्वाचन सहायता परियोजनाका उपप्रमुख कुन्दनदास श्रेष्ठले विश्वासनीय र समावेशी निर्वाचनका लागि आफ्नो संस्थाले निर्वाचन आयोगसँग मिलेर काम गरिरहेको बताए।

# मङ्सिरमा हुन लागेको निर्वाचनका लागि मतदाताको कुल संख्या सार्वजनिक

काठमाडौं। निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा आज मिति २०७४।०६।१७ गते बसेको आयोगको बैठकले मिति २०७४ मङ्सिर १० र २१ गने हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तयार गरिएको सातवटै प्रदेशको निर्वाचन क्षेत्रगत अन्तिम मतदाता संख्या स्वीकृत गरेको छ। साथै, स्वीकृत मतदाता नामावली आयोगको वेभसाइटमा प्रकाशन गर्ने निर्णय समेत बैठकले गरेको छ।

स्वीकृत मतदाता नामावली अनुसार, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि कूल मतदाता संख्या १ करोड ५४ लाख २७ हजार ७३१ कायम भएको छ। जसमा पुरूष मतदाताको संख्या ७७ लाख ७६ हजार ४९६, महिला ७६ लाख ५१ हजार ६५ र तेस्रो लिङ्गी मतदाता १७० जना रहेका छन्। आयोगको निर्णय अनुसार, डोल्पा जिल्ल्लाका काइके र छार्का ताङसोङ गाउँपालिकाका २४० मतदाताको स्पष्ट विवरण प्राविधिक कारणबश यकीन हुन नसकेकाले सम्बन्धित जिल्लाबाट त्यससम्बन्धी विवरण माग गरी प्राप्त भएपछि यकीन गरी मतदाता नामावलीमा समावेश गरिने छ।

सरकारले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन मिति घोषणा गरेको दिन अर्थात् २०७४ भदौ ५ गतेसम्म १८ वर्ष उमेर पुगेका र फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका मतदाताहरूको नाम उक्त मतदाता नामावलीमा समावेश गरिएको छ। मतदाता नामावली ऐन, २०७३ ले व्यवस्था गरेअनुसार निर्वाचनको मिति घोषणा भएपछि सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न नसकिने भएको हुँदा अब नयाँ नाम दर्ता नहुने र ठाउँसारी पनि नहुने व्यवस्था रहेको छ।

स्वीकृत मतदाता नामावली अनुसार, प्रदेश १ मा २९ लाख ९३ हजार ६६९, प्रदेश २ मा २७ लाख ६७ हजार ३६९, प्रदेश ३ मा ३० लाख ७४ हजार ४१२, प्रदेश ४ मा १५ लाख ६८ हजार ८२९, प्रदेश ५ मा २७ लाख ४० हजार ८४८, प्रदेश ६ मा ८ लाख ४६ हजार ९३३ र प्रदेश ७ मा १४ लाख ३५ हजार ६७१ मतदाता रहेका छन्।

## संक्षिप्त समाचार

### खोल्सामा डुबेर एकको मृत्यु

विराटनगर। मोरङमा खोल्सामा डुबेर बुधबार बेलुकी एकजनाको मृत्यु भएको छ। पथरी-शनिश्चरे-७ को लामाटोली बस्ने ६२ वर्षीय नरबहादुर विश्वकर्माको मृत्यु भएको पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरले जनाएको छ। घर नजिकमा रहेको गुहेहोली भन्ने खोल्सामा उनी डुबेको अवस्थामा मृत भेटिएका थिए।

### नदीमा डुबेर किशोरीको मृत्यु

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको कञ्चनिया नदीमा दुर्गा मूर्ति विसर्जन गर्न गएकी कपिलवस्तुकी एक किशोरीको नदीमा डुबेर मृत्यु भएको छ। महराजगंज नगरपालिका वार्ड नं.७ कुशहवाका घर भएकी १८ वर्षीया रोशनी शुक्लाको मृत्यु भएको हो। स्थानीय खेमराज शुक्लाकी छोरी रोशनी शुक्ला दुर्गाको मूर्ति विसर्जन गर्ने टोलीसँगै भएर नदीमा गएकी थिइन्। आइतबार बिहान साढे ९ बजेतिर कलशलाई नदीमा सेलाउने क्रममा डुबेर उनको ज्यान गएको ईलाका प्रहरी कार्यालय बहादुरगंजले जनाएको छ।उनको शव पोष्टमार्टमका लागि शिवराज अस्पताल बहादुरगंजमा रहेको छ।

### आगलागीबाट धनमाल क्षति

धनुषा। सबैला नगरपालिका-९ बस्ने रामबाबु कापडको घरमा राखेको ज.६ प ४५४१ नम्बरको मोटरसाइकलमा मंगलबार नजिकै बलिरहेको टुकी बत्तिबाट आगलागी हुँदा घर आंशीक र मोटरसाइकल पूर्णरूपमा जलेर नष्ट भई करीब २ लाख ७५ हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। आगलागी स्थानिय बासिन्दाको सहयोगमा प्रहरीले नियन्त्रणमा लिएको छ।

### कटुवा पेस्तोलसहित पक्राउ

सप्तरी। राजविराज नगरपालिका-१३ भेल्ही बस्ने ५४ बर्षीय लक्ष्मण यादवलाई प्रहरीले कटुवा पेस्तोल १ थान र सोको गोली १ राउण्ड सहित पक्राउ गरेको छ। यादवले अवैध रूपमा हतियार घरमा राख्ने तथा साथमा बोकी स्थानीय बासिन्दाहरूलाई देखाई धाक धम्की दिने गरेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले मंगलबार उनको घर तलासी गर्दा सुत्ने कोठाको खाटमा सिरानी मुनी प्लाष्टिकमा पोको पारी लुकाई छिपाई राखेको अवस्थामा उक्त कटुवा पेस्तोल र गोली बरामद भएको थियो।

### लागूऔषधसहित दुई जना पक्राउ

पर्सा। ठोरी गाउँपालिका-४ सुवर्णपुर बस्ने ३२ वर्षीय कृष्ण श्रेष्ठ र २६ वर्षीय हर्कबहादुर श्रेष्ठलाई लागू औषध नाईट्रोभेट ट्याब्लेट ६ सय थान सहित सोमबार प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित गस्तीमा खटिएको प्रहरी टोलीले बा.८३ प ३४५ नम्बरको मोटरसाइकल जाँच गर्दा चालक कृष्ण र मोटरसाइकलमा सवार हर्कबहादुरको साथमा उक्त लागू औषध फेला परेको हो।

### करेन्ट लागेर एक बालिकाको मृत्यु

रौतहट। रौतहट जिल्लाको सदरमुकाम गौर नगरपालिका स्थित राईस मिलको मैदानमा आयोजना गरिएको दशै मेलामा विजुलीको करेन्ट लाग्दा एक जना बालिकाको मृत्यु भएको छ। दशै ,दीपावली र छठ पर्वको अवसरमा रौतहट जिल्ला क्रिकेट संघले आयोजना गरेको मेलामा करेन्ट लाग्दा स्थानीय राजदेवी नगरपालिका वार्ड नम्बर २ हजमीनिया निवासी जयमंगल पंडितको १४ वर्षीय छोरी मुनिता कुमारी पंडितको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। राईस मिलको मैदानमा निर्माण गरिएको बैष्णो देवीको गुफा हेर्नको लागि जाने क्रममा गुफाको मुख्य गेटमा नांगो विजुलीको तारमा खुट्टाले छोए पछि करेन्ट लागेको थियो। करेन्टवाट गंभीर रूपमा घाइते भएकी बालिकाका लागि उपचारको लागि गौर अस्पतालमा लैजादा उपचारको क्रममा मृत्यु भएको हो। मेला संचालक फरार भएका छन भने गुफा बनाउने कंपनीको ६ जना कर्मचारीलाइ प्रहरी नियंत्रणमा लिएको छ।

### मोटरसाइकलसहित भीडबाट खस्दा मृत्यु

कैलाली। मोटरसाइकलसहित भीरबाट खसेर एक युवकको मृत्यु भएको छ। चुरे गाउँपालिका-३ स्थित भासुको भिरबाट मोटरसाइकल खसेको खबर प्राप्त हुनासाथ खटिई गएको प्रहरीले खोजी गर्ने क्रममा से.४ प ६०६१ नम्बरको मोटरसाइकलका चालक धनगढी उपमहानगरपालिका-२ बस्ने २५ वर्षीय उमेश बोगतीलाई सड्कबाट करीव २ किमि तल भिरमा मृत अवस्थामा फेला पारेको थियो।

### बिदेशी मुद्रासहित चिनियाँ पक्राउ

काठमाडौं। विदेशी मुद्रासहित एक चिनियाँ नागरिक पक्राउ परेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हेन्डब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा ड्रुक एयरद्वारा नेपालबाट भुटान जान लागेकी राहदानी नम्बर जी ३८७७६०८५ बाहक चाइनिज नागरिक ४१ वर्षीया यानकुन दुवानलाई लुकाई छिपाई राखेको अमेरिकी डलर ४६ हजार ४ सय ८० र चाइनिज यान १ हजार ६ सय सहित बिहीबार प्रहरीले पक्राउ गरेको छ।

### करेन्ट लागेर युवकको मृत्यु

रूपन्देही। रोहीणी गाउँपालिका-४ छिपागढ स्थित रोयल मेटल ईण्डष्ट्रीमा लेवर काम गर्ने भारत गिदवापुर वारा बड्की उत्तर प्रदेश घर भएका २४ बर्षीय मनिष कुमारको करेन्ट लागेर मृत्यु भएको छ। बुधबरा काम गर्ने क्रममा करेन्ट लागेर असक्त भएको कुमारको उपचारको लागि मेडीकल कलेज भैरहवा लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो।


## पि.पि.आर. रोगबारे सूचना

पि.पि.आर. रोग भेडा/बाखामा लाग्ने संक्रामक रोग हो। यो रोगले अत्यधिक भेडा/बाखाको मृत्यु हुनजान्छ। रोगबाट भेडा/बाखालाई बचाउन किसानहरूलाई निम्न उपायहरू अवलम्बन गर्न अनुरोध गरिन्छ :-

- आफूले पालेका भेडा/बाखासँग खरिद भएका वा बाहिरबाट ल्याएका भेडा/बाखालाई कम्तीमा दश दिनसम्म नमिसाई अलग्गै राखौं।
- भेडा/बाखालाई पि.पि.आर. रोग विरूद्धको खोप लगाऔं।
- भेडा/बाखामा पि.पि.आर. रोगको लक्षण देखिएमा नजिकको पशु सेवा निकाय वा जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राखौं।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु स्वास्थ्य निर्देशनालय
त्रिपुरेश्वर, काठमाडौं
फोन : ०१४२६१५६९/०१४२६११६५

# मधेशको 'बिकाउ माल' को कमाल

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८३



❖ उपेन्द्र झा

मधेशको अधिकारको आजीवन वकालत गर्ने हृदयेश त्रिपाठी जसको मधेशी राजनीतिको इतिहास पनि ४० वर्षको छ यसरी सामान्य अवस्थामा कलंक बोकेर पलायन हुनु शोभनीय त मान्नै सकिंदैन। मधेशबाट बरिष्टतम नेताहरूको पलायन भएको छ। बिकाउहरू धमाधम बिक्री भइरहेका छन्। तीनबटै शीर्ष दलहरूले बरिष्ट मधेशी नेताहरूलाई अनेक प्रलोभनमा तानि रहेको अवस्था छ। मधेशी राजनीतिको क्षयीकरणमा लागेका शीर्ष ३ दलहरू पनि राजनीतिक सन्तुलन मिलाउन असक्षम देखिएका छन्।

सात प्रदेशको संघीय संरचना बनाएर अनधिकृत रूपमा स्थानिय स्तरको चुनाव गराई धरातलीय वर्चस्व कायम राख्ने शीर्ष तीन दलबीचको कडा प्रतिस्पर्धा स्थानिय चुनावमा देखियो। चुनावलाई जीवन मरणको सवाल बनाएर मतदातालाई आकर्षित गर्न तीन दलले पैसाको खोलो बगायो। अन्य प्रदेशमा पहिलो पार्टी बनेको एमाले प्रदेश नं. २ मा आफ्नो पहिलो दर्जाको प्रतिष्ठा गुमाए पनि मत भने सवभन्दा बढि ल्याएको छ। नेपाली कॉंग्रेस सवभन्दा बढि ४० सीट ल्याएको छ भने ससफोले २६, राजपाले २५, माओवादी केन्द्रले २१, फोरम लोकतान्त्रिकले ३ र अन्यले ३ सीट ल्याएका छन्।

मधेशलाई अपमान गरेका कारण मधेशले एमालेलाई विश्वास गर्न सकेन। "मधेश हाम्रो हो, दुई चार जना व्यक्तिहरू भारतको ईशारामा उफ्रेको मात्र हो" भन्ने ओलीको अभिव्यक्ति मधेशमा झूठो साबित भएको छ। मधेशले आईना देखाएपछि ओलीको नारद मोह भंग भएको छ। मधेशलाई गुलाम बनाएर राख्ने ओलीले बनाएको परिस्कृत रणनीतिलाई मधेशका आम जनताले चुनौती दिएको छ भने पार्टीका नाम चलेका नेताहरूको अवसरवादिता नापेर एमाले, माओवादीले दनादन मधेशी नेताहरूलाई किन्ने अर्को खतरनाक चाल चलेको छ। मधेशको जनादेश विपरित पैसा कमाउन पल्केका अवसरवादी नेताहरूको गलत क्रियाकलापका कारण मधेशको पार्टी अलोकप्रिय मात्र बनेन, पार्टी विभाजन गरेर पैसा कमाउने होड नै चल्यो। शीर्ष पंक्तिमा बसेर मधेशको अधिकार दिलाउने छद्म कुरा गरेर लाभ हासिल गर्ने नियत मै रमाएका नेताहरूले मधेशमा के प्रतिक्रिया भई रहेको छ, बुझ्न पनि चाहेन। फलतः आफ्नै धरातलमा अल्पमतमा पर्दै गए।

मधेशका राजनीतिक दलहरूको अलोकप्रियताबाट गैर मधेशी पार्टीहरूले मनग्गे फायदा लिए। स्थानिय चुनावमा ससफोरम र राजपाले भाग लिएपछि एक अर्काका प्रतिस्पर्धी बने। ससफोले राजपाभन्दा बढि आए पुग्ने र राजपाले पनि ससफोभन्दा बढि ल्याउने अपेक्षा गरेका थिए। यिनले २६ र २५ ल्याएर जीत हार मनाए। दुबैले एमालेलाई पछि पारेकोमा खुशी मनाए। नेपाली कॉंग्रेस सबैलाई पछि पारेर ४० सीट ल्याउन सफल भयो। मधेशमा दुई सशक्त पार्टी देखिएपनि नेतृत्वको जनादेश यी दुई पार्टीलाई नदिनु यिनको अलोकप्रियता नै हो।

मधेशको मुद्दा छाडेर चुनावमा भाग लिनुको अर्थ गैर मधेशी पार्टीको प्रभावलाई अन्त गर्नु थिएन, आफूपनि राजनीति वृतमा उपस्थिति देखाउने मात्र थियो। त्यही अनुसार मधेशले पनि ठाउँ दियो। ससफोले मुद्दा छाडेर चुनावमा आएदेखि मधेश संशोधन प्रस्तावको समर्थनमा अडान लिएर चुनाव बहिष्कार गरेको राजपाप्रति आशावादी बनेको थियो। तर एकाएक राजपामा देखिएको सैद्धान्तिक विचलनले मधेशलाई निराश नै बनाएको छ। दुबै पार्टीले गुमाएको मधेशको विश्वासलाई कसरी आर्जन गर्ने ? मधेशको ८ जिल्लामा पनि आफ्नो वर्चस्व कायम गर्न नसक्नु र समग्र मधेशको नेतृत्व गर्ने दावा पेश गर्नु आफैमा हस्यास्पद कुरा हो। पार्टी र सैद्धान्तिक विचारमा तालमेल गर्न नसक्नुको यो परिणाम हो। अधिकार आन्दोलनलाई तिलाञ्जली दिएर पार्टी मात्र चलाउनुले साँगठनिक धरातल कमजोर बनेको हो। यति मै सिमित रहने पार्टी मधेशलाई अधिकार सम्पन्न बनाउन सक्दैन।

चुनावमा बिना शर्त जाने भारतीय राजदूतको सुझावलाई नमानी राजपाको अडानलाई मधेशले जीउ ज्यान लगाएर समर्थन गरेको थियो। भारतीय राजदूतको यथास्थितिवादी दबावलाई चुनौती दिने राजपाका संयोजक महन्थ ठाकुरको मधेशको मुद्दालाई नछाड्ने अडान प्रशंसनीय थियो। तर पछिका दिनमा राजपालाई चुनावमा धकेल्न अनेक षडयन्त्रहरू हुन थाल्यो। यही श्रृँखलाको एउटा कडीको रूपमा राजपाका वरिष्ठ नेताहरूको विरोध सतहमा देखिन थालेको थियो। चुनावको दोश्रो चरणमा राजपाको अडान कायम नै रहेकोले प्रदेश नं. ५ को मधेशी बाहुल्य जिल्लाहरू नवलपरासी, रूपन्देही, कपिलवस्तु र बाके चुनावमा भाग लिन सकेन। चुनावमा जान चाहनेहरू पार्टीमा विद्रोह गरेर चुनावमा भाग लिएको पनि देखियो। पार्टी दर्ता नभएको कारणले पनि दोश्रो चरणको चुनावमा पार्टीलाई लैजान सकिएको थिएन। तर तेश्रो चरणको चुनावसम्म आई पुग्दा पार्टी दर्ता भयो। अब चुनावमा भाग लिने क्षीण आवाज पार्टीभित्र उठ्न थाल्यो। पश्चिमा नेताहरू ह्रेपिएको मुद्दा उठाउन थाल्यो। पार्टीबाहिर गएर यिनी बैठक गर्न थाल्दा पार्टीलाई नैतिक दबाव पर्‍यो र त्यो मुद्दा जोडतोडका साथ पार्टीभित्र उठ्यो र हृदयेश त्रिपाठीको वरिष्ठतालाई अध्यक्ष मण्डलमा सामेल गरेर अन्तर्विरोधलाई साम्य पार्‍यो।

तर राजपाभित्र प्रवेश गराईएको षडयन्त्रको अभिष्ट अर्कै थियो। त्यसको मोहराको रूपमा हृदयेश त्रिपाठी देखिनु भयो। पार्टीभित्र पुर्वेली पश्चिमेलीको कुरा निहूँ मात्र थियो। पार्टीभित्र सैद्धान्तिक विचलन ल्याएर विना शर्त चुनावमा धकेल्ने रणनीति अन्तर्गत मोहराले काम गरि रहेको थियो। मधेशमा राजपाको साख गिराएर आफू समेत बिक्री हुने मोहराको तिकडम कसैले थाहा पाउन सकेन। एमालेको मोहराको रूपमा काम गरि रहेको हृदयेश त्रिपाठी अन्ततः सफल हुनु भयो। नबुझ्नेहरूको पलायन उसको व्यक्तिगत निर्णय होला तर जसको मधेशलाई अधिकार दिलाउने छवि बनेको छ, उसको पलायनलाई षडयन्त्र नभनिकन अरू केही भन्न मिल्दैन। ६ पार्टीको एकीकरण पश्चात् आफ्नो वरिष्टतम प्रतिष्ठा दोश्रो पंक्तिमा पर्दा बर्दास्त गर्न नसक्नेले एमाले जस्तो समुद्रमा आफ्नो अस्तित्व कहाँ खोज्ने होला ?

मधेशको अधिकारको आजीवन वकालत गर्ने हृदयेश त्रिपाठी जसको मधेशी राजनीतिको इतिहास पनि ४० वर्षको छ यसरी सामान्य अवस्थामा कलंक बोकेर पलायन हुनु शोभनीय त मान्नै सकिंदैन। मधेशबाट बरिष्टतम नेताहरूको पलायन भएको छ। बिकाउहरू धमाधम बिक्री भइरहेका छन्। तीनबटै शीर्ष दलहरूले बरिष्ट मधेशी नेताहरूलाई अनेक प्रलोभनमा तानि रहेको अवस्था छ। मधेशी राजनीतिको क्षयीकरणमा लागेका शीर्ष ३ दलहरू पनि राजनीतिक सन्तुलन मिलाउन असक्षम देखिएको छ। मधेशका नाम चलेका नेताहरूलाई तानेर ल्याएपछि मधेशको राजनीति समाप्त हुने, चिरकलसम्म मधेश शान्त हुने आदि जे अनर्गल आकलन गरेपनि यसबाट राजनीतिक स्थिरता भने आउन सक्दैन। देशमा थप द्वन्द्व निम्तिने निश्चित छ। शीर्ष तीन दलको क्षणिक सोचले मधेशलाई असन्तुष्टता र आक्रोशबाहेक केही दिई रहेको छैन। चर्को अन्तर्विरोधमा मधेशलाई शान्त राख्न खोज्नु पटमूर्खताबाहेक अरू केही होईन। राजनीतिक असफलता बेहोर्नु पर्दा केही समयका लागि मधेश शान्त होला, तर त्यसपछि आउने भीषण आँधी बेहरीलाई कसैले रोक्न सक्दैन।

प्रदेश सभा र प्रतिनिधि सभाको चुनावका लागि एमाले, माओवादी केन्द्र र नयाँ शक्ति पार्टी एकीकृत भएर चुनाव लड्ने योजना बन्दैछ। नेपालका सबै कम्युनिष्ट शक्तिहरू एकीकृत भएर चुनाव लड्ने योजना बनि रहेको छ। मधेशको चुनावमा धक्का खाएका एमाले, माओवादी र नयाँ शक्तिलाई परिस्थितिले एक ठाउँमा आउन बाध्य गरेको हुन सक्छ तर यिनको विविध महत्वाकाँक्षाले एक ठाउँमा रह्न दिदैन। कम्युनिष्टहरूको एकता नेपालको शक्ति सन्तुलनको चुनौतीको रूपमा देखिन आउँछ। लोकतान्त्रिक शक्तिमाथि हावी भई नेपालको राजनीतिलाई कब्जा गर्ने अवस्था पनि देखिन आउँछ। विविध शक्तिहरूलाई गौण गरि एकाधिकार लाद्ने अवस्था पनि आउन सक्दछ।

उत्तराखण्डको प्रभावबाट प्रेरित नेपालका कम्युनिष्टहरूको एकीकरण लोकतान्त्रिक प्रभावलाई मेटिने आशंका गर्नु अनुपयुक्त नहोला। शक्ति सन्तुलनको अवस्थालाई खल्बल्याउने यो प्रयास आफैमा एउटा ठूलो समस्या बनेर सतहमा देखा पर्दछ। कम्युनिष्टहरूको एकीकरण गर्ने कुरा बाहिर आएपछि नेपाली कॉंग्रेस सभापति शेरबहादुर देउवाको कडा प्रतिक्रिया सामुन्ने आएको छ। विगतमा नेपाली कॉंग्रेसको एकाधिकार र स्वेच्छाचारिताका कारण माओवादीको जन्म भएको थियो। कम्युनिष्टहरूको एकीकरण धेरै दिन त चल्दैन तर यसले शक्ति सन्तुलनलाई खल्बल्याएर नयाँ राजनीतिको जन्म भने दिलाउँछ।

वर्गीय राजसत्ताले मधेशलाई चुनौतीको रूपमा सामुन्ने उभ्याई दिएको छ। फरक संस्कृतिका कारण राज्यसत्ताले यसलाई समान हैसियतमा स्वीकार गर्न चाहँदैन। विरासतमा पाएको राज्यसत्तालाई खसवर्गीय शासकहरूले जीउज्यान लगाएर सुरक्षित राख्न सफल भएका छन्। मधेशले अपेक्षा गरेको राज्यपुनर्संरचनाको प्रकार उसको लागि अस्तित्वको समाप्ति ठानेकोले मधेशप्रति सधैं सजग रह्ने उसको दिनचर्या बनेको छ। मधेशीलाई वंशजको नागरिकता दिएर पनि भारतीय बुझ्ने यिनको चारित्रिक बाध्यताले देशमा यत्रो परिवर्तन भएर पनि स्वीकार्न सकि रहेको छैन। खसवर्गीय शासकहरूको यही मानसिकताले मधेशलाई सिमान्तीकृत बनाएको छ। द्वन्द्वको जड पनि यही हो। मधेशमा कम्युनिष्टहरूको प्रभाव लोप हुने अवस्था देखेरै एमाले, माओवादी आफ्नो तिक्ततालाई हटाएर एकीकरण गर्न जुटेका छन्।

मधेशको आकार बढिरहेको छ। राजनीतिक चेतनाको विकाससंगै क्षमतामा तीव्रतर विकास भइरहेको छ। आन्तरिक औपनिवेशिक उत्पीडनलाई त्याग्न खोजि रहेको छ। आफूले पाउने नैसर्गिक अधिकार खोजि रहेको छ। समान हैसियत खोजि रहेको छ। यसलाई कसैले चुनौती बुझेको छ भने संघर्षको जन्म हुनु स्वाभाविक हो। मधेश आन्दोलन पश्चात् मधेशलाई पुनश्च सिमान्तीकृत बनाउनु संघर्षलाई पुनश्च निम्त्याउनु हो। मधेशलाई संघर्ष गर्ने जातको रूपमा अर्थ्याईएको छ। संघर्ष त स्वाभाविक हो।

क्रमशः

janukjha24@gmail.com

# दुधदही बजारका महिला तथा बालबालिकाको समस्या

**राकेशप्रसाद चौधरी/महोत्तरी**

गर्मीमा ४० डिग्री सेल्सियस तापक्रम नाघिसकेको होस् वा जाडाको पाँच डिग्री तापक्रम नै किन नहोस्। जलेश्वरको पुरानो दुधदही बजारमा महिला र बालबालिकाले भरिएकै हुन्छन्।

यस परम्परागत बजारमा किसानहरू दैनिक आफ्ना उत्पादित दुधदही लिएर विहानै आइपुग्छन्। पानी परेको बखत् कुनै पसलको छेउमा ओत लाग्छन् वा प्लास्टिक ओढेर बस्न बाध्य हुन्छन्। यो बजार जलेश्वरको इतिहाससँगै पहिलाको नुनथरा, हटिया, साझा बस स्टेण्डमा लाग्ने गरेको थियो। केही दिनदेखि यो दुघदही बजार पहिलाको महेन्द्र तथा हालको दुर्गा चोकमा लाग्ने गर्दछ, विहान पाँच बजेदेखि बढीमा पाँच घण्टासम्मको लागि। यसै चोकमा बिहान बिहान कामदारहरू अर्थात मजदूर जम्मा हुने गर्दछन्। भवन निर्माणलगायतका काममा कामदार चाहिएमा यही मोलमोलाई गरि काममा लगाउने गरिन्छ।

जलेश्वर नगरपालिका कार्यालयले यिनीहरूसंग सधैं कर उठाउने गरेका छन्। तथापि बजार ब्यबस्थापन परै जाओस् अहिलेसम्म पनि शौचालय र ओत लाग्ने कुनै भवनको व्यवस्था गरेको छैन।

यसै भिडभाडमा २० बर्षदेखि सधैं देखिने गर्छिन् रमणी देवी। घरमा दुईवटा भैंसी पालेकी छिन्। दुध बेच्न बजार धाउँछिन्। त्यसै पैसाबाट घरपरिवार चलाउँछिन्। पैसा बचाएर दुई छोरालाई बिदेश पठाइसकेकी छिन्। एउटा छोरीको विवाह धुमधामकै साथ गरेकी छिन्।

जिल्लाको शहरी क्षेत्रमा फाटफुट पशुपालकहरू छन्। ग्रामिण क्षेत्रमा त अधिकांशले भैंसी र गाई पाल्ने गरेका छन्। भारत विहारको ग्रामिण क्षेत्रबाट व्यापारीहरूको दुध जलेश्वरमै ल्याउन गर्छन्। यस क्षेत्रमा २० वटा भन्दा बढी दुग्ध उत्पादन संघ/संस्था रहेको देखिन्छ। यी संघ/संस्थाहरू उत्तरी क्षेत्रमा बढी कियाशिल छन्। संघ/संस्थाहरूले दुध र दहीको उचित मूल्य नदिंदा जलेश्वरको परम्परागत बजारमा बिकीका लागि ल्याउने गरिएको रमणी ले बताइन्। सय भन्दा बढी महिलाहरू जलेश्वर बजारमा आउने गरेको देखिन्छ।

मलिवाडा, रतबारा, नैनही, हलखोरी, बेला, अंकार, अजमरपट्टि, बखरी, थरूवाही, मरूवाही सहित दर्जनौ ठाउँका महिलाहरू परम्परागत बजारमा आउने गरेका छन्। बजारमा २० देखि ८० रूपैया प्रतिलिटर दुध र किलोको सय रूपैया दही विकी हुने गर्छ।

आठ कक्षाको पढाई छोडेकी मनतोरिया पनि आफ्नी काकीसंगै बजारमा दुध र दही बेच्ने गर्छिन्। उनी अहिले बजारमा हेलमेल गर्न सबैसंग कुराकानी र व्यापारकै कुरा गर्छन्। बाबु विदेश कमाउन गएको र भाइहरू विद्यालय जाने गरेका कारण घरमा बढी भएको दुध र दही बेच्न बजार धाउने गरेको उनी बताउँछन्। बजारमा यस्ता बालबालिकाहरू दुध र दही बेच्न आउने गरेको देखिन्छ। पानी परेको बेला धेरै जसो महिला तथा बालबालिकाहरू पसलमा ओत लाग्ने गर्दा पसलेहरू कराउने गरेका हुन्छन्।

कहिलेकाही चिसा पसलेहरूले पानीको मात्रा बढी हुने सस्तो दुध समेत प्रयोग गर्ने गर्छन्। हुनतः बर्षायाममा केही महिलाहरूले लुक्नका लागि छाता र पोलोथिन राखेका हुन्छन्। कुनै अन्य पसलहरूमा दुध र दही नभेटिए बर्षायाममा ग्राहकहरू छाता ओढेरै यस बजारमा आउने गर्छन्। यो बजार बिहान पाँच बजेदेखि बढीमा विहान दश बजेसम्म मात्र लाग्ने गर्दछ।

दुधदही बजार व्यवस्थापन गर्न के कस्तो समस्या आउने गरेकाबारे कुनै सरोकारवाला निकायले चाँसो लिएको देखिएको छैन। व्यवस्थित ठाउँ भएपनि परम्परागत बजारलाई महिला तथा बालमैत्री बनाई शुद्ध दुघदही बिक्री स्थल बनाई व्यापार गर्ने राम्रो बाताबरण बनाईदिनुपर्दछ। यसतर्फ उद्योग वाणिज्य संघ पनि मौन छ। बजारको मुख्य चोक भएकाले यस ठाउँमा कुनै भवन पनि बनाउन नसकिने सबैको तर्क छ। तर बिकल्प कसैले दिन सकेको देखिँदैन।

परम्परागत बजारले जलेश्वरमा आवश्यकता भए बमोजिमको दुधदही पुऱ्याउन अझै सकिएको छैन्। मालपोत कार्यालयमा हुने जग्गा खरिद बिक्री गर्नेहरूका लागि यहाँको मिठाई बढी लोकप्रिय भएका कारण बजारमा दैनिक जसो नै दुधको खाँचो नै हुने गरेको छ। जलेश्वरमा व्यवस्थित दुधदही बजार बनाउन सकिए महिलाहरूले सुरक्षित व्यापार गर्न सक्नेमा दुईमत छैन्।

बजारमा दुघदही बेचेर महिलाहरूले घरका लागि सामान किनेर लग्ने गरेको देखिन्छ। त्यही ब्यापारीहरूले गाउँबाट ठुलाठुला टंकीमा ल्याएको दुध बेचेर सोही पैसाले जलेश्वरबाट गाउँ गाउँमा सस्तो खालको रक्सी किनेर लग्ने गरेको देखिन्छ। महोत्तरीमा रक्सी सेवन गर्ने पुरूषहरूले महिलामाथि बढी हिंसा गर्ने गरेको अध्ययन अनुसन्धानले देखाएको छ।


कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न, वस्तु वा सेवा, सुविधा उत्पादन, बिक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नु हुँदैन

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# गौरलाई सुन्दर नगर बनाउने मेयरको प्रतिबद्धता

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालको महासचिव एवम गौर नगरपालिकाको नवनिर्वाचित प्रमुख अजय कुमार गुप्ताले नगरको विकासको कार्यमा नागरिक समाजको सहयोग आवश्यक भएको बताएका छन्। नेपाल नागरिक समाज रौतहटले सदरमुकाम गौर स्थित कर्मचारी मिलन केन्द्रको सभाहलमा आयोजना गरेको नव निर्वाचित नगर प्रमुख, उपप्रमुख, वडाध्यक्षहरूको सम्मानमा अभिनन्दन समारोहमा सम्बोधन गर्दै प्रमुख गुप्ताले विकासको मुद्दामा सबै पक्षको सहयोग अपरिहार्य भएको औल्याए।

१५ वर्षसम्म कर्मचारीले हकको नगरपालिकामा विकासको खाँचो रहेकोले अब चाडै विकास गति लिनेमा विश्वस्त रहन नगरवासीसँग आग्रह गरे। घरघरमै सेवा पुर्याउने लक्ष्य अनुरूप प्रत्येक वड़ामा वड़ा कार्यालय सञ्चालन गर्ने अभियान चलाएको बताउँदै




मेयर गुप्ताले १ नंबर वार्डमा वडा कार्यालय स्थापना भइसकेको जानकारी गराए।

गुप्ताले भने 'पहिला घोषणा गरिएको घोषणा पत्र अनुसार काम अगाडी बढाइरहेको छु।' गरपालिकामा लाम्खुट्टेको समस्या भएकोले यसको नियन्त्रण गर्नको लागि चाडै औषधि छिड़काव हुने बताउँदै प्रमुख गुप्ताले सड़क नालाको समुचित व्यवस्थापन गरी शिक्षा स्वास्थ्यको सुधर गरिने प्रतिवद्धता जनाए। प्रमुख गुप्ताले भने 'सबैले निस्वार्थ भावले सहयोग गर्नु गौर नगरपालिकालाइ सुन्दर विकासोन्मुख हरियो नगर बनाउछौं।'

उपप्रमुख किरण कुमारी ठाकुरले महिलाको सशक्तिकरणको लागि महिला हरूलाई आत्मनिर्भर बनाउनु पर्ने विषयमा जोड़ दिइन्। जगन्नाथ प्रसाद केसरीको सभापतित्वमा संपन्न समारोहमा नेपाली कांग्रेसका प्रतिनिधि सजन साहले नगरपालिका कार्यालयमा देखिएको मकुराको जालो हटाए कार्यकाल सफल हुने धरना राखेका छन्।

जनप्रतिनिधि विहीनको अवस्थामा नगरपालिकाको केहि कर्मचारीले गरेको मनोमानीको विकासको गति रोकिनुको साथै भ्रस्टाचार चरम सिमा पुगेको साहको भनाइ रहेको थियो।

संघीय समाजवादी फोरम नेपालका केंद्रीय सदस्य रेवन्त झाले नगरवासीले मधेश आन्दोलन वाट दुःख कस्ट भोगेका मेयर पाएकोले जन भावना अनुसार काम हुने विश्वाश व्यक्त गरेका छन्।

समारोहमा सहभागी भएका गौर नगरपालिका, राजदेवी नगरपालिकाका प्रमुख उपप्रमुख, वडाध्यक्षहरूको अबीर माला लगाएर अभिनन्दन गरिएको थियो।

## विश्व परिवेश

# चीनको विद्युतीय अनुहार

भालेन्टीन पोपेस्कु



चीनले भारत सम्बन्धी पूर्व शर्तहरूलाई शान्तिसाथ छाडेर एक्कासी डोक्लाम सम्बन्धी अडान समाप्ति सम्बन्धमा आफ्नो आकस्मिक निर्णय गरेर विश्वलाई चकित पारी दिएको छ भने आफ्नो पाकिस्तान सम्बन्धबारे एउटा रोचक प्रकारको मोड दिएर ब्रीक्स घोषणा अनुरूप पाकिस्तानलाई पाकिस्तानस्थित दुई आतंकवादी संगठनहरूलाई भारतलाई लक्षित गरेर गतिविधि संचालन गर्ने निर्देश दिएको छ। ब्रीक्सका सदस्यहरूसँगको भेटमा आतंकवादी संगठनहरूलाई आश्रय दिनेहरूलाई दोषीको आरोप लगाएको चा दिनपछि चीनले पाकिस्तानको तर्फबाट विद्युतीय अनुहार र गतिविधि प्रदर्शित गर्दै पाकिस्तान आतंकवाद विरूद्ध लड्दै अरू देशसँग पीडित भै आतंकवादबाट धेरै पीडित हुन पुगेकोले पाकिस्तानी रक्षा निकायले आफ्नो स्तर त्यसै अनुरूप संचालित गर्ने संकेत दिएको छ। जे भए पनि त्यस षड्यन्त्रपूर्ण नीति अनुरूप नै अजिङ्गरको भू राजनीति दक्षिण चिनी समुद्रदेखि भारतीय महाद्वीपसम्म संचालित रहेको छ। चीनको भारत नीतिले भारत र विश्वलाई गतिविधि सम्बन्धी एक विश्वस्त दृष्टिकोणको अपेक्षा गरेर तदनुरूप गर्ने आशा गरेको छ। डोक्लाम अडानको एक्कासी अन्तबारे जसले अविश्वसनीय उठान गरेको छ, तिनीहरूले भारत-चीन सम्बन्धको राम्रो चरणको सुरूवातका रूपमा लिनु वेश हुनेछ। किनकि तिनीहरूले चीनले भारतको मित्रता गुमाउने सोच राख्नु ठिक छैन। हुन त अरू देश पनि कुनै न कुनै रूपमा एक अर्काको प्रतिरोधी नै हुन्छ।

ब्रीक्स समिटको अतिथ्येय देशको रूपमा चीनले ब्रीक्स घोषणाको मस्यौदा तयार पार्नमा मुख्य भूमिका अवश्य नै निर्वाह गरेको छ किनकि त्यसमा जैश-ए-मोहम्मद र लश्कर-ए-तोयबा जस्ता आतंकवादी संगठन सम्बन्धमा भारतीय कूटनीतिको देन ठानेर त्यसलाई पनि त्यस घोषणापत्रमा उल्लेख गरिएको छ। तैपनि केही अन्यहरूको धारणा रहेको छ कि पाकिस्तानका ती दुई आतंकवादी संगठनलाई अन्तिम मस्यौदामा समावेश गर्न निमित्त रूसले चीनलाई उक्साएको छ तर जब रूसले पाकिस्तानमाथि विजय प्राप्त गर्न प्रयास गरी रहेको छ भने त्यसले आफ्नो योजनालाई अवरोधित पार्न त्यस्तो किन गर्दछ ? तर जे भए पनि चीनले विश्वलाई भ्रमित पानी अन्ततः आफ्ना 'लौह-भ्राता' पाकिस्तानलाई भारत विरूद्ध आतंक फिजाउनमा जरूर सघाउन थालेको छ। पाकिस्तानले त्यस मस्यौदालाई कार्यान्वित गर्दै पूर्ववत् भिङउनमेन घोषणापत्र अनुरूप गाउन र बाँच्न थालेको छ। जो चीनले आफ्नो 'लौह-भ्राता' लाई खुशी पार्न निमित्त गर्नुका साथै पाकिस्तानको विदेशी मन्त्रीलाई बेइजिङ्गको भ्रमण गराएर चीन-पाकिस्तान सम्बन्धलाई मोहक र आत्मीय बनाउन चाहेको छ। सत्य यो छ कि भारत विरोधी आफ्ना सदाबहार मित्र पाकिस्तानलाई बेवास्ता गर्नुको पछाडि चीनको कुनै प्रयोजन छैन। चीनले भारतलाई सधैं आई.एस.आई. द्वारा प्रशिक्षित र समर्थित आतंकवादी संगठनहरूलाई प्रयोग गरी हताहत पार्दै आएको पाकिस्तानको नीतिलाई समर्थन गर्नेछ।

यसमा कुनै शंका छैन कि चीन र पाकिस्तानले संयुक्तरूपमा भारतलाई नोक्सान पुर्‍याउन हरसम्भव बाटो अख्तियार गर्दै भारतको आर्थिक वृद्धि र सैनिक शक्ति समेतलाई अवरोधित पार्नेछ। पाकिस्तान निरन्तर रूपमा भारतसँग घृणा गर्दै नोक्सान पुर्‍याउँदै आएको छ भने चीनले समेत भारतलाई विश्वसनीय प्रतिस्पर्धीको रूपमा हेर्न चाहेको छैन। ब्रीक्स घोषणापत्रमा चीनको सहयोग हुनुमा केही सत्यका रूपमा चीनले पाकिस्तानलाई यो स्मरण गराउनु रहेको छ कि पाकिस्तानले पश्चिमी चीनको मुस्लिम बहुल तथा शासित क्षेत्रमा संचालित रहेको इस्ट तुर्कमेनिस्तान इस्लामिक मुभमेन्ट (इटिम) जस्ता आतंकवादी संगठनको प्रभुत्व कम गराउनु रहेको छ। इटीम थुप्रै वर्षदेखि संचालित रहेको सम्बन्धमा चीनले पाकिस्तानलाई बताइसकेको छ। चीन-पाकिस्तान इकोनोमिक कोरिडोर जस्ता महत्वाकांक्षी योजनामा त्यस संगठनले अवरोध पुर्‍याउन सक्छ ? थुप्रै विलियनको लगानीमा संचालित सि.पि.इ.सी. योजना भित्रका सडकहरूको निगरानीका लागि पाकिस्तानले दुई विभागीय विशिष्ट सेना परिचालन गरे पनि चीन पाकिस्तानसँग शतप्रतिशत सुरक्षाको प्रत्याभूतिका क्रममा अझ बढी अपेक्षा गरेको छ।

स्पष्ट रूपमा दुईवटा प्रश्न तेर्सिएका छन्। के राष्ट्रपति डोनाल्ड ट्रम्पको अमेरिकी प्रशासनले पाकिस्तानले आतंकवादलाई निरन्तर सहयोग गर्दै आएको गर्दा उस प्रतिको कडा चेतावनी फिर्ता लिनेछ त ? के दुई पृथक संगठनहरूबीचको कारोबार यथावत् संचालित रहनेछ त ? सबैका लागि आश्चर्यको कुरो यो छ कि भारतीयहरू जस्तै राष्ट्रपति ट्रम्पले पाकिस्तानले आतंकवादीहरूलाई संचालित गर्दै आएकोमा उसलाई त्यसको प्रतिफलको सामना गर्नुपर्ने चेतावनी दिइसकेको छ ? ट्रम्पले पाकिस्तानल युद्धले तहसनहस पारिएको अफगानिस्तानको विकासमा भारतलाई ठूलो भूमिका निर्वाह गर्न अनुरोध गरेको छ। ट्रम्पको त्यस शब्दप्रति पाकिस्तानको स्थायी सत्ताले आफ्नो पुरानो कालोबजारी कटुनीति अख्तियार गर्दै वाशिंटनलाई इस्लामावादले चीन र रूसको काँखमा बसेर सुरूदेखि नै केही प्रभावशाली तत्वहरूले गर्दा ट्रम्प प्रशासन आश्वस्त हुन पुगेको छ कि पाकिस्तानले एक्लै अफगानिस्तानको जटिल स्थितिको समाधान गर्न सक्ने हुँदा उसप्रति कडा रूख अपनाउने छैन ? पाकिस्तानको निरन्तरको दोहोरो निर्लज्जतापूर्ण आतंकवाद विरूद्ध लड्ने प्रवृत्तिलाई अमेरिकाले अस्वीकार जस्तै गरी दिएकोबाट के चीनले केही तथ्य आत्मसात गर्नेछ त ? यस प्रति सम्बद्ध सबैले सोचनु जरूरी छ। – *एजेन्सीहरूको सहयोगमा*

## पत्रपत्रिकाबाट...

# भारतीय प्रधानमन्त्री मोदी नेपाल आउने

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउने भएका छन्। भारतीय कम्पनी सतलजको लगानीमा बन्न लागेको अरूण तेस्रो जलविद्युत आयोजनाको शिलान्यास गर्न मोदी नेपाल आउन लागेका हुन्। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय समकक्षी मोदीले संयुक्त रूपमा उक्त आयोजना शिलान्यास गर्ने कार्यक्रम छ। त्यसका लागि मोदी असोज अन्तिम साता वा कात्तिक पहिलो साता नेपाल आउने तयारी भइरहेको छ। मोदीको नेपाल भ्रमणको मिति टुंगो लगाउन परराष्ट्र मन्त्रालय गृहकार्यमा जुटेको छ।

प्रधानमन्त्री देउवाका परराष्ट्र मामिला सल्लाहकार दिनेश भट्टराईका अनुसार मोदी तेस्रोपटक नेपाल आउने निश्चित भइसकेको छ। उनले भने, 'अब प्राविधिक कुराहरू मिलाउन बाँकी छ।' मोदी प्रधानमन्त्री भएलगत्तै नेपाल आएका थिए। त्यसको तीन महिनापछि



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी

नेपालमा आयोजित सार्कको १८ औं शिखर सम्मेलनमा सहभागी हुन दोस्रोपटक मंसिर ०७१ मा काठमाडौं आएका थिए।

अरूण तेस्रो करिब एक खर्ब १६ अर्ब लागतमा बनाइँदैछ। नौ सय मेगावाटको आयोजनाबाट नेपालले एक सय ९८ मेगावाट बिजुली निःशुल्क पाउनेछ। सन् २००८ मा सतलजले अरूण तेस्रो आयोजना निर्माणको जिम्मा पाएको थियो।

# ईपीजीको पाँचौ बैठक बस्दै, यस्ता छन् एजेन्डाहरू

काठमाडौं। आतंकवाद, उग्रवाद र अवैध मुद्रा, लागूपदार्थ ओसारपसारलगायत तस्करी नियन्त्रणका लागि भारतले नेपाल-भारत सीमा नियमनमा जोड दिने भएको छ।




नेपाल-भारत 'प्रबुद्ध व्यक्ति समूह' (ईपीजी) को आगामी पाँचौं बैठकमा नेपाल(भारत सीमा नियमन र सीमा सुरक्षा प्रमुख एजेन्डा बनाउँदै भारतीय पक्षले सीमा नियमनबारे आफ्नो धारणा राख्ने तयारी गरेको हो।

नेपाल र भारतबीच रहेका सानाठूला विभिन्न ७० चेक पोइन्ट (नाका) नियमन गर्ने विषयमा केन्द्रित प्रस्तुति गर्ने तयारीमा भारतीय पक्ष रहेको उच्च कूटनीतिक स्रोतले जनायो। ईपीजीले सुझाव मात्र दिने भए पनि यस्तो प्रस्तुति अर्थपूर्ण रहने अधिकारीहरूको भनाइ छ। अवैध आउजाउ नियमन गर्ने भारतीय चासोमा नेपाली पक्ष पनि सकारात्मक रहेको स्रोतले जनायो।

ईपीजीको पाँचौं बैठक आउँदो शनिबार र आइतबार काठमाडौंको यार्डिसन होटलमा बस्दै छ। त्यसका लागि शुक्रबार भारतीय टोली काठमाडौं उत्रनेछ। टोलीका एक सदस्य जयन्त प्रसाद भने अस्वस्थताका कारण बैठकमा सहभागी हुनेछैनन्। माइनर हार्ट अट्याकपछि स्वास्थ्य लाभ गरिरहेका पूर्वराजदूत जयन्त अस्वस्थ भएकै कारण बैठक एक महिना ढिलो बस्न लागेको हो। 'कुनै व्यवधान नआए आगामी शनिबार दुईदिने पाँचौं बैठक काठमाडौंमा सुरू हुने गरी तयारी पूरा भइसकेको छ,' ईपीजी सचिवालयका सचिव यादव खनालले कान्तिपुरसँग भने, 'विषयका बारेमा छलफलपछि मात्र भन्न सकिन्छ। सबै प्रक्रियामा नै रहेकाले अहिले यो वा त्यो भन्न सकिँदैन। नेपाल(भारतबीच सबै विषय छलफलका क्रममा नै छन्।'

स्रोतका अनुसार आगामी बैठकमा भारतीय टोलीका सदस्य प्राध्यापक बीसी उप्रेतीले भारतका तर्फबाट नियमनका विषयमा आफ्नो प्रस्तुति राख्नेछन्। खुला सीमाका कारण त्यहाँबाट हुन सक्ने आतंककारी गतिविधि, सीमामा हुने असुरक्षा, बढो उग्रवाद, अवैध व्यापारलगायतमा भारतीय पक्षले धारणा राख्न लागेको हो। भारतले अहिले पनि हवाई मार्गबाट भारत जानेलाई पासपोर्ट वा नागरिकता माग्ने गर्छ। तर सीमामा कुनै आधार नचाहिने अवस्थाले दोहोरो मापदण्डलाई एकरूपता दिनेजस्ता विषयमा पनि छलफल हुनेछ। कोको भारत प्रवेश गरे, कोको नेपाल भन्नेसम्म पनि कुनै रेकर्ड नराखिने अवस्था रहेकाले यसलाई नियमन गर्न आवश्यक भएको दुवैतर्फको आशयमा भारतले प्रस्तुति गर्न लागेको हो।

'यो बैठकले दुईपक्षीय विविध विषयमा छलफल गर्नेछ,' नेपाली टोलीका संयोजक डा. भेखबहादुर थापाले भने, 'सकारात्मक रूपमै छलफल अघि बढेको छ। अहिले हामीले एजेन्डा यो वा त्यो भन्नुभन्दा पनि समग्र विषयमा छलफल गरिरहेका छौं। काम पनि आधा सकिएको छ। हामी एकै समूहका रूपमा काम गरिरहेका छौं। सकारात्मक नतिजा आउने आशा छ।'

ईपीजीमा अधिकांश विषय सहमति नजिक पुगेको स्रोतले जनाएको छ। सीमा सुरक्षासँगै डुबानको विषय पनि बैठकमा उठ्नेछ। भारतले बनाएको सडक तथा बाँधका कारण नेपाली भूभाग डुबानमा परेको विषय पनि त्यहाँ उठ्नेछ। सीमामा देखा परेका सबै समस्या केलाउने तयारी भइरहेको एक सदस्यले कान्तिपुरलाई बताए। टोलीले यसअघि सीमामै पुगेर नेपाली पक्षहरूसँग अन्तरक्रियासमेत गरेको छ। भारतले आफ्नो सुरक्षाबाहेक अन्य विषयमा नेपालले लिने निर्णय स्विकार्ने बताइरहेको अवस्थामा सीमाबारे छलफल अघि बढ्न लागेको हो। नेपालले पनि भारतको संवेदनशीलतालाई ध्यानमा राखेर शान्ति र मैत्रीमा परेका दफा २, ५, ६ र ७ का विषयमा नेपाललाई समस्या नहुने गरी बीचको बाटो उपयोग गरेको छ। नेपालले राखेका विषयमा भारतले ठूलो आपत्ति नजनाएको र छलफल गरेर संयुक्त प्रतिवेदनका लागि सकारात्मक हुँदै अघि बढेको अवस्थामा यो विषय आएको हो। सीमाका विषयमा पनि सकारात्मक रूपमा सहमति हुने अधिकारीहरूको धारणा छ।

१९५० को सन्धिमा रहेका विवादित बुँदा आआफ्ना नागरिकलाई दिने सुविधाबारे एकअर्कामा अध्ययन गर्ने सहमति यसअघि नै भएकाले त्यसको अध्ययनबारे पनि छलफल हुने अधिकारीले बताए। आरम्भदेखि नै ती बुँदा संशोधनबारे छलफल भए पनि मूर्तरूप पाउन नसकेको अवस्थामा अहिले यसमा छलफल हुने अधिकारीहरूले बताए। छलफलका बुँदाहरूमा हतियार खरिद गर्दा भारतलाई सोध्नुपर्ने, आफ्ना नागरिकलाई उस्तै सुविधा, सुरक्षा अधिकारीको सहकार्यलगायत रहेका छन्। २०७३ असार २०(२१ मा पहिलो बैठक गरेको ईपीजीले पाँचौं बैठकपछि थप तीन बैठक गरी आआफ्ना सरकारलाई दिने सुझाव तयार पार्नेछ। (कान्तिपुरबाट साभार)

## जिल्ला समाचार

### हिन्दू-मुस्लिम बीचको विवाद समाधान



बर्दिया। जिल्लाको गुलरिया नगरपालिका वार्ड ११ र १२ मा असोज १५ गतेदेखि लगातार चर्केको विवाद बुधबार सामाजिक अगुवाहरूको जिल्ला प्रशासनमा भएको भेलाले आपसी विवादलाई समाधान गरी सम्पूर्ण धर्मको सम्मान गर्दै आगामी दिनमा यस्तो निन्दनीय कार्य नगर्न सहमतिमा हस्ताक्षर गरि निर्णय गरिएको छ। घाइतेहरूको उपचार र भएको क्षति जिल्ला प्रशासन कार्यालयले बेहोर्ने भनी सहमति भएको हो। केही व्यक्तिहरूको कारणले यस्तो दगांमा प्रहरी प्रशासन नै मुख्य दोषीरहेको ठहर स्थानीयहरूले गरेका छन्। यस्तो घटना शासक वर्गका राजनीतिक स्वार्थपूर्तिको कारण यस्तो घटना घटन गएको एकजना सामाजिक अगुवा मन्साराम यादवले जनाएका छन्। यो ठाउँ मधेशी बाहुल्य रहेको छ। समाजका दुईजना मोहम्मद माईला साईं र महाविर राडले अँगालो हालि आपसमा मिलेको भनी उद्घोष गरेका छन्। सद्भाव पनि निकाल्ने सहमति भएको हो।

### अहमदिया संघद्वारा राहत वितरण

वीरगंज। अहमदिया संघ नेपालले पर्साको विन्दवासनी गाउँपालिकाको प्रसौनीभाठामा तीन दिने सलाना स्तीमा सम्पन्न गरेको छ। "सबैलाई प्रेम गरौं, कसैलाई घृणा नगरौं" भन्ने मूल नाराका साथ संघले नेपालका विभिन्न जिल्लाका युवाहरूका लागि कबडी, दौड, रासाकसी, लङ्ग जम्प, गोलाफेक लगायतका विभिन्न खेल प्रतियोगिताको आयोजना गरेको थियो। जसमध्ये कबडीमा पर्सा, दौडमा समिर आलम सुन्सरी, रसाकसीमा रेष्ट अफ नेपाल, लङ्गजम्पमा समिर अहमद पर्सा, म्युजिकल चेयरमा इलियास अहमद पर्सा, गोलाफेकमा समिर आलम सुनसरी लगायतका व्यक्ति तथा जिल्लाहरू विजयी भएकोमा उनिहरूलाई प्रमुख अतिथि भारत पञ्जाब स्थित कादियानका महम्मद इस्माईल ताहिरले सम्मान गरेका थिए। अहमदिया संघ नेपालका अध्यक्ष कमरूल होदाको सभापतित्वमा भएको कार्यक्रममा अतिथिहरू अहमदिया संघका युवा अध्यक्ष सलिम अहमद, बृद्ध अध्यक्ष पिर महम्मद, महिला अध्यक्ष गजला रउफ, पर्सा जिल्ला युवा अध्यक्ष मोहन अहमद लगायतकाले शुभकामना मनतव्य व्यक्त गरेका थिए। त्यसैगरी अहमदिया संघ नेपालको टोली तराईका विभिन्न जिल्लाका बाढि पिडितहरूलाई राहत वितरण गर्दै पर्सा जिल्लामा आईपुगेको छ। पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका बञ्जारी स्थित छिपहरमाई मन्दिर परिसरमा एक कार्यक्रमका बिच संघका भारत पञ्जाब स्थित कादियानका महम्मद इस्माईल ताहिर, सांसद् जयप्रकाश थारू, संघका अध्यक्ष कमरूल होदा, बारा पर्सा इन्चार्ज मिर अब्दुल हफिज, पिरमहम्मद, मोहन अहमद, इसराफिल राउत गदी, रामतुल्लाह अहमद, बञ्जारीका सशस्त्र प्रहरी निरिक्षक चन्द्रसिंह महरा लगायतकाले २७५ जना बाढि पिडितरालई राहत वितरण गरेका थिए। दाल, चामल, भुजा, नुन, मसला, आलु लगायत २० किलो बराबरको खाद्यान्न सामग्री वितरण गरिएको अहमदिया संघ नेपालका अध्यक्ष कमरूद होदाले जानकारी दिए।

### मानसिक रोगीको संख्या बढ्दै

चन्द्रकान्त खनाल, रूपन्देही। नेपालमा मानसिक रोगीको संख्या दैनिक बढ्दै गएको बुटबलका आयोजित एक कार्यक्रममा बताइएको छ। संञ्चारकर्मीका लागि मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै उक्त कुरा बताएका हुन्। लुम्बिनी अञ्चल अस्पताल बुटवलका मनोरोग विशेषज्ञ डाक्टर सुरज तिवारीले एक सय मानिसमा १२ प्रतिशतलाई कुनै न कुनै किसिमको मनोरोग हुने भएकाले यसबारे जनचेतना अत्यन्त आवश्य रहेको बताए। लुम्बिनी अञ्चल अस्पतालमा दैनिक जसो १०-१५ जना मानसिक मनोरोग भएका बिरामी आउने गरेको वताए डा तिवारीले पुरूषमा भन्दा महिलामा मानसिक रोगको समस्या बढिरहको बताए। पहिलेको तुलनामा पछिल्लो समय मनोरोगका विरामीहरू बाहिर खुल्न थालेका लागि यसको संख्या बढी देखिएको उल्लेख गर्दै अहिलेको आधुनिक जीवनशैलीले पनि मनोरोगका विरामीको संख्यमा बृद्धि भएको जानकारी गराए। डा. तिबारी कुनै तथ्याकमा सयमा २४ प्रतिशत देखाएको पनि उनले बताए। तर फरक फरक भएपनि परामर्श नै भएको बताए। अस्पतालमा आउने अधिकास बिरामी लाई आबश्यक भएको बताए। अस्पतालमा ५ प्रतिशतलाई मात्र औषधी आबश्यक रहेको डा तिबारीको भनाई छ। लुम्बिनी अञ्चल अस्पतालमा बिगत ६ महिना देखी मानसिक स्वास्थ्यसैवा सुरूभएको बताउदै यो कमीको लागी संञ्चारक्षेत्रको महत्वपुर्ण भुमिका रहने डा तिबारीले बताए। कार्यक्रममा युनाईटेड मिशन टु नेपाल परियोजना बुटबल स्वास्थ्य परियोजना प्रमुख शुनिल गौतम ले बिगत ३ बर्षदेखी रूपन्देहीका तिन क्षेत्रमा यो मानसिक स्वास्थ्य सेवा दिईएको बताए यो कार्यक्रममा २० सम्म रहने भएकोले अझै बिस्तार गर्दे रूपन्देहीका अरू ठाउपनि समाबेस गर्ने बताए। जिल्ला जनस्वास्थ्य कार्यलय रूपन्देहीका जनस्वास्थ्य निरिक्षक टिकाराम अधिकारी ले औषधी भन्दा परामर्श सबैभन्दा बढी महत्वपुर्ण भएको बताए। कार्यक्रममा सुनगाभा सामुदायीक बिकास केन्द्रका कार्यक्रम संयोजक अमृता थापालगायतले बोलेका थिए। रूपन्देहीमा कार्यरत बिभिन्न संञ्चारसंस्था संग आबद्ध संञ्चारकर्मीको सहभागिता रहेको थियो।

### नेपाल र भारतमा एकैपटक बाघ गणना हुने

चितवन। नेपाल र भारतमा एकैपटक बाघ गणना गरिने तयारी भइरहेको छ। नेपाल र भारतका अधिकारीबीच भएको बैठकमा एकै पटक बाघ गणना गरिने निर्णय भएको थियो। बाघ रहेका नेपालका निकुञ्ज, आरक्ष, वन क्षेत्र र तीसँग जोडिएका भारतीय निकुञ्ज एवं वन क्षेत्रमा एउटै प्रक्रियाबाट एकैपटक बाघ गणना गरिने भएको छ। यसअघि पनि दुवै देशमा एकैसाथ बाघको गणना गरिएको थियो तर प्रविधि पनि एउटै प्रयोग गर्न लागिएको यो पहिलो पटक हो। नेपालको चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षसँगै भारतको वाल्मीकि टाइगर रिजर्व छ। नेपालमा सन् २०१३ मा बाघको गणना भएको थियो। त्यो बेला देशभर बाघको संख्या १९८ पुगेकामा चितवन निकुञ्जमा मात्र सबैभन्दा धेरै १२० बाघ थिए। चितवन निकुञ्जबाहेक पर्सा, बाँके, बर्दिया र शुक्लाफाँटा निकुञ्जमा बाघ पाइन्छ। पाटे बाघ विश्वबाट लोप हुने अवस्थामा पुगेको दुर्लभ वन्यजन्तु हो।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

पर्सा। जगनाथपुर-५ मा बुधबार ना.१ प १२४३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ। मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने चालक लाल कुमार साह र उनको ४० बर्षीया श्रीमती अनिता देवी साह घाइते भएकोले अनिता देवी साहलाई स्थानीय अस्पतालबाट थप उपचारको लागि शिक्षण अस्पताल महाराजगञ्ज लगिएकोमा उपचारको क्रममा मृत्यु भएको छ। चालक लाल कुमार साहको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

### मेयरमा पराजित नेताको सदस्यमा उम्मेदवारी

राकेश यादव, रौतहट। असोज २ गते सम्पन्न भएको तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा राजदेवी नगरपालिकाको मेयर पदमा राजपा नेपालको तर्फ उम्मेदवार भई पराजित भएका अनिल कुमार सिंहले नगर कार्यपालिकाको सदस्य पदमा आफ्नो उम्मेदवारी दर्ता गराएका छन्। २१ गते हुने मतदानको लागि मंगलबारका दिन मनोयन पत्र दर्ताको समय निर्धारण गरिएकोमा पराजित भएका नेता सिंह अल्पसंख्यक समुदायको सूचिबाट सदस्य पदमा आफ्नो उम्मेदवारी दिएको सहायक निर्वाचन अधिकृत श्याम यादवले जानकारी दिएका छन्। नगर कार्यपालिकाको लागि महिलातर्फ ९ तथा दलित अल्पसंख्यक तर्फ ९ गरी १८ वटा मनोयन पत्र दर्ता भएको छ। २ गते भएको निर्वाचनमा मेयरका प्रत्यासी रहेका सिंहले चौथो स्थान प्राप्त गरेका थिए। त्यस्तै गौर नगरपालिकाका नगरकार्यपालिकाको लागि १० जनाले उम्मेदवारी दिएका छन्। १६ नगरपालिका र २ गाउँपालिकाको लागि मंगलवार मनोयन दर्ता गरिएको जिल्ला मुख्य निर्वाचन कार्यालयले जनाएको छ।

